
# मादीको सेरोफेरो

## कक्षाः ४

मादी नगरपालिका, संखुवासभा
कोशी प्रदेश, नेपाल

पाठ १

# मादीको परिचय




**मादीको नामाकरण :**

भाइ बहिनीहरु ! हामी मादी नगरपालिकामा बस्छौं । तपाईंहरुलाई मादी नगरपालिका नाम कसरी रह्यो होला ? भनी जान्ने इच्छा छ होला । आज हामी यसै विषयमा छलफल गर्नेछौं ।

भाइ बहिनीहरु ! अहिलेको मादी नगरपालिका ३ वटा गाउँ विकास समितिहरु मादी मूलखर्क, मादी राम्बेनी र मावादिन मिलेर नेपाल सरकारबाट वि.सं.२०७१ साल मंसिर १६ गते घोषणा भएको हो । घोषणा हुनुभन्दा अगाडि छुट्टाछुट्टै ३ वटा गा.वि.स.का रुपमा थिए । उम्लिङ, मदामसिंह, चौकीदेखि काभ्रेखोलासम्म मादी मूलखर्क गा.वि.स., काभ्रेखोलादेखि बाघाखोलासम्म मादी राम्बेनी गा.वि.स. र बाघाखोलादेखि याँवराखोलासम्म मावादिन गा.वि.स. थियो । नगरपालिका घोषणा भईसकेपछि के नाम राख्ने भनी ३ वटै गा.वि.स.का वुद्धिजीवी व्यक्तित्वहरुको छलफलबाट ऐतिहासिक **मादी** नाम राख्ने निर्णय अनुसार मादी नगरपालिका नामाकरण भएको हो । मादी नगरपालिका

सुरुमा १३ वटा वडामा विभाजित थियो । पछि संघीय गणतान्त्रिक मुलुकको अवधारणा अनुसार राज्य संरचना गाउँपालिका र नगरपालिका बन्नै पर्ने भयो । सोही समयमा हाम्रो नगरपालिका जनसंख्याका आधारमा ९ वटा वडामा राख्नुपर्ने भएकाले अहिले ९ वटा वडामा विभाजित रहेको छ ।

**मादी नगरपालिकाको भूगोल र क्षेत्रफल:**

नेपालको कोसी प्रदेश अन्तर्गत संखुवासभा जिल्लाको सुदुर दक्षिणपूर्वमा मादी नगरपालिका अवस्थित छ । यो नगरपालिकामा ९ वटा वडाहरु रहेका छन् । यो नगरपालिका ५०० मिटरको राम्वेनी दोभानदेखि २९०० मिटरको सिरमाने धजे डाँडासम्म फैलिएको छ । मादी नगरपालिकाको क्षेत्रफल ११०.१० वर्ग किलोमिटर रहेको छ । मादी नगरपालिकाको पूर्वमा तेह्रथुमको मेन्छ्यायेम गाँउपालिका, पश्चिममा पिलुवा खोला-माया खोला दोभान, उत्तरमा पिलुवा खोला र दक्षिणमा माया खोला पर्दछ ।

**क्रियाकलाप :**

**१. तल सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

क. मादी नगरपालिकामा कतिवटा वडाहरु रहेका छन् ?

ख. मादी नगरपालिकाको सबभन्दा अग्लो स्थानको नाम के हो ?

ग. मादी नगरपालिका कुन कुन गा.वि.स.मिलेर बनेको हो ?

घ. मादी नगरपालिकाको नाम कसरी रहन गयो ?

ङ. मादी नगरपालिकाको पूर्व र पश्चिमको सिमाना लेख्नुहोस् ।

**२. खाली ठाउँ भर्नुहोस :**

क. मादी नगरपालिकाको क्षेत्रफल..................... वर्ग कि.मि. छ ।

ख. मादी नगरपालिकाको सबैभन्दा होचो भूभाग.........मिटर छ ।

ग. मादी नगरपालिकाको सबैभन्दा अग्लो भूभाग.................हो ।

घ. मादी नगरपालिकाको पूर्वमा ....................छ ।

**३. जोडा मिलाउनुहोस् ।**

| समूह क | समूह ख |
|---|---|
| मादी नगपालिकाको क्षेत्रफल | ९ वटा |
| मादी नगरपालिकाको अग्लो भूभाग | ५०० मिटर |
| मादी नगर पालिकाको पूर्वी दिशा | धजेडाँडा |
| मादी नगरपालिकाको होचो भूभाग | ११०.१० व.कि.मि. |
| मादी नगरपालिकाको वडा संख्या | तेह्रथुम जिल्ला |
| | चैनपुर नगरपालिका |

## ४. परियोजना कार्य :

मादी नगरपालिकाको सफा नक्सा बनाई शिक्षकलाई देखाउनुहोस् ।

# पाठ २ मेरो वडाको परिचय



मादी नगरपालिका वडा नम्बर ५ का वडाध्यक्ष श्री मादी माध्यमिक विद्यालय मादीको कक्षा ४ मा जानुहुन्छ । विद्यार्थीहरुले राखेका जिज्ञासाका बारेमा जानकारी गराउनुहुन्छ ।

**विपना :** वडाध्यक्ष ज्यू, नमस्कार ।

**वडाध्यक्षः** नमस्कार नानी बाबुहरु ।

**विपनाः** वडाध्यक्ष ज्यू, हामीलाई मादी नगरपालिका वडा नं. ५ को भौगोलिक अवस्थाको बारेमा बताई दिन् न ।

**वडाध्यक्षः** नानी बाबुहरु हाम्रो मादी नगरपालिका वडा नम्बर५ साविक मादी राम्बेनी वडा नम्बर२, ३, ४ र ६ मिलाएर कायम गरिएको हो । यो वडाको पूर्वमा बाघा खोला, पश्चिममा वडा नम्बर६, उत्तरमा पिलुवा खोला र दक्षिणमा वडा नम्बर३ र ४ पर्दछ । यो वडा पिलुवा खोलाको किलिसलपीदेखि सुर्के डाँडासम्मको उचाइमा अवस्थित छ । यो वडाको कुल क्षेत्रफल १३.४५ वर्ग कि.मि.रहेकोछ ।

**निश्चल :** वडाध्यक्ष ज्यू, अब हामीलाई यस वडाको स्वास्थ्य र शिक्षाको बारेमा पनि बताई दिनुहुन्छ कि ?

**वडाध्यक्षः** यस वडाको पिपलबाटे टोलमा आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेको छ । वडाको आधारभूत स्वास्थ्य सेवा केन्द्र पिपलबोटे र नेपाल राष्ट्रिय आधारभूत विद्यालय च्याङ्रिङमा खोपकेन्द्रहरु रहेका छन् भने चार जना महिला स्वयंसेविकाहरुरहेका छन् । यस वडामा एउटा माध्यमिक विद्यालय सहीत ५ वटा विद्यालयहरु रहेका छन् ।

**विपना :** वडाध्यक्ष ज्यू, अब पेसा व्यवसायका बारेमा पनि बताई दिनुहुन्छ कि ?

**वडाध्यक्षः** यस वडाका अधिकांश मानिसहरु खेतीपाती तथा पशुपालन जस्तो कृषि पेसामा संलग्न छन् । केही मानिसहरु व्यापार व्यवसाय तथा नोकरीमा पनि संलग्न छन ।

**कुसलः** अब हामीलाई धार्मिक स्थल तथा मठमन्दिर, गुम्बा आदिका बारेमा पनि बताई दिनुहुन्छ कि ?

**वडाध्यक्षः** यस वडामा कृष्ण प्रणामी मन्दिर र टासीछोलिङ बौद्ध गुम्बाका अतिरिक्त केही ठाउँहरुमा देवीथान समेत रहेका छन् ।

**विपना :** धन्यवाद ! वडाध्यक्ष ज्यू, हामी धेरै खुसी भयौं ।

## क्रियाकलापहरु :

१. तल सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(क) तपाईंको वडाको चार सिमाना लेख्नुहोस् ।

(ख) तपाईंको वडाको नक्सामा कहाँ छ ? बताउनुहोस् ।

(ग) तपाईंको वडाको क्षेत्रफल कति छ ? लेखेर देखाउनुहोस् ।

(घ) तपाईंको वडामा कतिवटा विद्यालयहरु रहेका छन् ? सूची बनाउनुहोस् ।

## २. तलका खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।

क) मेरो वडामा .................. जना महिला स्वास्थ्य स्वयंसेविका रहेका छन् ।

ख) मेरो वडामा ............... वटा खोप केन्द्रहरु रहेका छन् ।

ग) मेरो वडाबासीहरुको मुख्य पेसा ................ हो ।

घ) मेरो वडाको प्रमुख धार्मिक स्थलको नाम ............... हो ।

ङ) मेरो वडाको पूर्वमा ......... र पश्चिममा .................. पर्छ ।

## ३. परियोजना कार्य :

क) तपाईंको वडाका विद्यालयहरुको विवरण तयार गरी साथीहरुसँग छलफल गर्नुहोस् ।

ख) तपाईंको वडाका महिला स्वास्थ्य स्वयंसेविकाहरु के काम गर्नुहुन्छ ? साथीहरुसँग छलफल गरी महिला स्वास्थ्य स्वयंसेविकाहरुको कामको सूची तयार पार्नुहोस् ।

ग) तपाईंको वडाका धार्मिक स्थलहरुको विवरण तयार पारी शिक्षकलाई देखाउनुहोस् ।

घ) तपाईंका वडाका मानिसहरु के के पेसा व्यवसाय गर्नुहुन्छ ? सोधखोज गरी विवरण तयार गर्नुहोस् र साथीहरुसँग छलफल गर्नुहोस् ।

**शिक्षकलाई निर्देशन: माथिको सम्वादका आधारमा आफ्नो विद्यालय रहेको वडाको सन्दर्भ उल्लेख गर्नुहोला । साथै आफ्नो वडाको सिमाना, आधारभूत स्वास्थ्य केन्द्र, क्षेत्रफल, महिला स्वास्थ्य स्वयंसेविका, खोप केन्द्रहरु र विद्यालयहरु बारे उललेख गराउनुहोस् ।**

# पाठ ३

# मेरो वडाको भूगोल



मादी नगरपालिकाका नापी शाखाका अमिन श्री नारायण माध्यमिक विद्यालय ओखरबोटेको कक्षा चारमा जानुभएको हुन्छ र मादी नगरपालिका वडा नम्बर ४ को भौगोलिक अवस्था बारेमा विद्यार्थीहरुलाई जानकारी दिनुहुन्छ ।

**शिक्षकः** नमस्कार ! कक्षा ४

**विद्यार्थीः** नमस्कार सर !

**अमिन** : नमस्कार नानीबाबुहरु !

**शिक्षकः** बस्नुहोस् !

**विद्यार्थीः** धन्यवाद सर !

**शिक्षकः** नानीबाबुहरु ! आज हाम्रो मादी नगरपालिकाका नापी शाखाका अमिनहाम्रो मादी नगरपालिका वडा नम्बर ४ को भौगोलिक अवस्थाको बारेमा जानकारी दिन आउनु भयो । आफूलाई लागेका जिज्ञासा अमिनसरलाई सोध्नुहोला र सबैले ध्यान दिएर सुन्नुहोला ।

**राजेशः** अमिनसर नमस्कार, हामीलाई मादी नगरपालिका वडा नम्बर ४ को अवस्थिति, सिमाना र क्षेत्रफल बताई दिनुहुन्छ की ?

**अमिनः** नमस्कार नानीबाबुहरु, आज म मादी नगरपालिकाको वडा नम्बर ४ को अवस्थिति र सिमाना बताउन लागि रहेको छु। मादी नगरपालिका वडा नम्बर ४ नगरपालिकाको मध्य भागमा रहेकोछ। यस वडाको पूर्वमा देवी खोला, पश्चिममा वडा नम्बर ६, उत्तरमा वडा नम्बर ५ र दक्षिणमा माया खोला पर्दछ। यो वडा करिब ६०० मिटरको माया खोलादेखि करिब २३५० मिटरको उचाइसम्म फैलिएको छ। यस वडाको क्षेत्रफल १३.४५ वर्ग किलोमिटर रहेकोछ। यस वडामा विविध स्वरुपको भूगोल रहेकोछ। खेत, बारी, वनजङ्गल सहित कतै समथल भूभाग र कतै भिरालो जमिन छ भने बेंसी तथा लेकाली फाँट रहेका छन्। यस वडामा उब्जाउ हुने स्थानको रुपमा उम्रिङ बेंसी पनि रहेको छ।

**रोशनीः** अमिन सर, हामीलाई यस वडाका भिरपहराका बारेमा पनि बताई दिनुहुन्छ कि ?

**अमिनः** यस वडामा विभिन्न स्थानहरुमा भिर तथा पहराहरु छन्। रमिते भिर, काउसे भिर, दामे गैरी भिर, ठूलो बाखे भिर र आकासे भिर आदि भिर तथा पहराहरु रहेका छन्।

**रोहितः** सर हामीलाई डाँडा तथा थुम्कीहरुका बारेमा पनि बताई दिनुहुन्छ कि ?

**अमिनः** यस वडामा प्रसिद्ध हाङ्थुम डाँडा वडा नम्बर ३, ४ र ५ को बीचमा रहेको छ। यसका अतिरिक्त मानेहाट डाँडा, सिकारी डाँडा, कुरुले डाँडा तथा रमणीय रनगढी रहेका छन्।

**दिव्या :** अमिनसर, अब यस वडाका खोला, झरना, पोखरी आदिका बारेमा पनि बताई दिनुहुन्छ की ?

**अमिनः** यो वडामा माया खोला, ताक्मारे खोला, काभ्रे खोला, देवीखोला, छाँगे खोला, घट्टे खोला, सारी खोला छन् भने छाँगे खोला, झरना र तल्लो छाँगे झरना रहेका छन्। यस वडामा प्रकृति निर्मित ताल तथा पोखरी रहेका छैनन्।

**रोशनीः** धन्यवाद, अमिन सर ! हामी धेरै आभारी भयौं।

**क्रियाकलापहरु :**

**१. तल सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

क. तपाईंको वडाको सबैभन्दा अग्लो स्थान कुन हो ?

ख. तपाईंको आफ्नो वडाको चार सिमाना लेख्नुहोस् ।

ग. तपाईंको आफ्नो वडाको क्षेत्रफल कति छ ? बताउनुहोस् ।

घ. तपाईंको वडाको सबैभन्दा ठूलो खोलाको नाम बताउनुहोस् ।

ङ. तपाईंको वडामा भएका डाँहरुको सूची तयार पार्नुहोस् ।

**२. तल दिएका खाली ठाउँ भर्नुहोस् ।**

क. मेरो वडाको प्रसिद्ध बेंसी .......................... हो ।

ख. मेरो वडाको सबभन्दा अग्लो ठाउँ ........................ हो ।

ग. मेरो वडाको प्रसिद्ध झरनाको नाम ........................... हो ।

घ. मेरो वडाको होचो ठाऊँ .......................... हो ।

ङ. मेरो वडाको प्रसिद्ध डाँडाको नाम ......................... हो ।

**३. तलका दिइएका क्रियाकलाप गर्नुहोस् ।**

(क) तपाईंको वडा भएका डाँडा तथा थुम्कीहरुको सूची बनाउनुहोस् ।

(ख) तपाईंको वडा भएका मुख्य खोला र झरनाहरुको नाम लेख्नुहोस् ।

(ग) तपाईंको वडाको नक्सा तयार गरी मुख्य खोला, डाँडा, पोखरी तथा भिर संकेत गर्नुहोस् ।

**४. परियोजना कार्य :**

क. तपाईंको विद्यालय नजिकैको खोलाको भ्रमण गरी खोलाको पानी के के कामका लागि उपयोग गरिएको छ ? छलफल गरी शिक्षकलाई सुनाउनुहोस् ।

ख. तपाईंको वडामा भएका बेंसीहरुको सूची तयार गरी कक्षामा देखाउनुहोस् ।

ग. तपाईंको वडाका मुख्य भिर र डाँडाहरुको विवरण तयार गर्नुहोस्

**शिक्षकलाई निर्देशन:** शिक्षकले माथिको संवादका आधारमा आफ्नो विद्यालय रहेको वडाको सन्दर्भ मिलाएर शिक्षण गर्नुहोला । वडागत रुपमा प्राप्त तथ्य तथा तथ्याङ्क यसै पुस्तकको अनुसूचीमा राखिएकोछ ।

# पाठ ४ जनसंख्या

**परिचय :**

निश्चित समय र स्थानमा बसोबास गर्ने मानिसहरुको संख्यालाई जनसंख्या भनिन्छ । अथवा कुनै निश्चित समय र भौगालिक इकाइमा बसोबास गर्ने केटाकेटी, युवायुवती, वृद्धवृद्धा वा पुरुष र महिलाको संख्यालाई नै जनसंख्या भनिन्छ। जनसंख्याको आकारलाई जन्म, मृत्यू तथा बसाइँसराइले प्रभाव पार्दछ।

मादी नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार १३२७३ जम्मा जनसंख्या रहेको छ। जनगणना २०७८, अनुसार मादी नगरपालिकाको साक्षरता दर ७९.२ प्रतिशत रहेको छ । जसमध्ये पुरुषको साक्षरता दर ८६.४ प्रतिशत र महिलाको साक्षरता दर ७२.४ प्रतिशत छ। मादी नगरपालिकाको २०८१ मा जन्म दर्ता संख्या ८१ र मृत्यु दर्ता ८९ रहेको छ । बसाँई सरी आउने २ र बसाँइसरी जानेको संख्या ९९ रहेको छ । मादी नगरपालिकामा मातृ मृत्यु दर केही वर्षदेखि शून्य रहेको छ । जनघनत्व भनेको मानिसहरुको बसोबासको बाक्लोपना हो। अर्थात प्रतिवर्ग किलोमिटरमा कति मानिसहरु बसोबास गर्छन् भन्नु नै जनघनत्व हो। जनगणना २०७८, अनुसार मादी नगरपालिकाको जनघनत्व १२१ जना प्रतिवर्ग किलोमिटर रहेको छ।

## क्रियाकलापहरु

### १. तल सोधिएका प्रश्नहरुको उत्तर लेख्नुहोस्।

क. जनसंख्या भनेको के हो ?

ख. जनसंख्याको आकारलाई कुन कुन तत्वले प्रभाव पार्दछ ?

ग. जनघनत्व भन्नाले के बुझिन्छ ?

घ. जनगणना २०७८ अनुसार मादी नगरपालिकाको जनघनत्व कति छ ?

ङ. जनगणना २०७८ अनुसार मादी नगरपालिकाको जनसंख्या कति छ ?

## २. तलको खाली ठाउँ भर्नुहोस् ।

क. मादी नगरपालिकाको साक्षरता दर .............. छ ।

ख. मादी नगरपालिकामा पुरुष साक्षरता दर .......... छ ।

ग. मादी नगरपालिकाको मातृ मृत्यु ......... छ ।

घ. मादी नगरपालिकाको जनघनत्व ............जना प्रतिवर्ग किलोमिटर छ ।

ङ. मादी नगरपालिका २०८१ मा जन्म दर्ता........ र मृत्यु दर्ता .......... छ ।

## ३. जोडा मिलाउनुहोस् ।

| **समूह क** | **समूह ख** |
|---|---|
| मादी नगरपालिकाको जनसंख्या | ७९.२० प्रतिशत |
| आ. व. २०८१ को बसाइँसराइ | १२१ जना प्रति व.कि.मि. |
| मादी नगरपालिकाको मातृमृत्यु | १३२७३ जना |
| मादी नगरपालिकाको साक्षरता दर | ९९ परिवार |
| मादी नगरपालिकाको जनघनत्व | शून्य |

**४.परियोजना कार्य :** शिक्षकको सहयोगमा निम्न कार्य गर्नुहोस् ।

क. तपाईंको वडामा एक वर्षको अवधिमा जन्म, मृत्यु र बसाइँसराइ कति दर्ता भए वडा कार्यालयमा गई तल दिएको तालिका भर्नुहोस् ।

वडा नम्बर ............

| वि. स. | जन्म | मृत्यु | बसाइँसराइ |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# पाठ ५ जातजाति र भाषा




हाम्रो मादी नगरपालिकामा विभिन्न जातजातिका मानिसहरुको बसोबास रहेको छ । यहाँ बसोबास गर्ने जातजातिहरु बाहुन, क्षेत्री, लिम्बू, गुरुङ, शेर्पा, राई, तामाङ, विश्वकर्मा, दर्जी, सार्की, मगर, नेवार, याख्खा, दशनामी, भुजेल र भोटिया छन् । मादी नगरपालिकाभित्र बसोबास गर्ने जातजातिहरुमा सबैभन्दा धेरै संख्यामा क्षेत्री जातिको संख्या रहेको छ भने दोस्रोमा तामाङ जातिको संख्या रहको छ । त्यसैगरी भोटे जातिको संख्या सबभन्दा कम रहेको छ । उनीहरुको आ-आफ्नै भाषा, धर्म, रीतिरिवाज, चाडपर्व, संस्कार, वेषभूषा रहेका छन् । उनीहरु एक अर्काको भाषा, धर्मको सम्मान गर्दछन् । सबै जातजातिहरु आपसमा मिलेर बसेका छन् । मानवले जन्म लिएपछि सबैभन्दा पहिले आमाको काखमा बोलिने र सिक्ने भाषालाई मातृभाषा भनिन्छ । नेपालको राष्ट्रिय जनगणना २०७८, अनुसार नेपालमा १४२ जातजाति र १२४ वटा मातृभाषाहरु रहेका छन् । प्राय: सबै जातिहरुको आ-आफ्नै मातृभाषा भएता पनि हाल केहीले मात्र आफ्नो मातृभाषा बोल्ने गरेको पाइन्छ । जस्तै: पानीलाई लिम्बूले च्वा, शेर्पाले छ्यु, गुरुङले क्युँ , नेवारले ल/न, साम्पाङ राईले चावा, याख्खाले माङ्च्वा, तामाङले क्युई/कुई र मगरले डि

भन्दछन् । नेपाली भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गरिदै आइएको छ । मादी नगरपालिकामा बसोबास  गर्ने जातजातिहरुले बोल्ने भाषा निम्नानुसार रहेका छन् ।

मादी नगरपालिकामा बसोबास गर्ने जातजाति र भाषाको विवरण :

| **क .सं** | **जातजाति** | **भाषा** |
|---|---|---|
| १ | नेवार | नेवारी |
| २ | ब्राह्मण | नेपाली |
| ३ | क्षेत्री | नेपाली |
| ४ | विश्वकर्मा | नेपाली |
| ५ | दर्जी | नेपाली |
| ६ | सार्की | नेपाली |
| ७ | लिम्बू | लिम्बू |
| ८ | राई | राई |
| ९ | याख्खा | याख्खा |
| १० | गुरुङ | गुरुङ |
| ११ | तामाङ | तामाङ |
| १२ | शेर्पा | शेर्पा |
| १३ | मगर | मगर |
| १४ | भुजेल | नेपाली |
| १५ | भोटे | भोटे |
| १६ | दशनामी | नेपाली |

**क्रियाकलाप :**

## १. तलका खाली ठाउँ भर्नुहोस् ।

क) नेपालमा ......................वटा मातृभाषाहरु बोलिन्छन् ।

ख) गुरुङ भाषामा पानीलाई ............................भनिन्छ ।

ग) नेवार जातिको मातृभाषालाई...........................भाषा भनिन्छ ।

घ) मादीमा सबैभन्दा धेरै जनसंख्या भएको जाति ..........................हो ।

ङ) मादीमा सबभन्दा कम जनसंख्या भएको जाति ......................... हो ।

## २. जोडा मिलाउनुहोस् ।

| **समूह क** | **समूह ख** |
|---|---|
| लिम्बु | टासिदेले |
| गुरुङ | नमस्कार |
| क्षेत्री | सेवारो |
| तामाङ | छ्याजलो |
| शेर्पा | फ्याफुल्ला |

## ३. तलका प्रश्नको उत्तर लेख्नुहोस् ।

क. मादी नगरपालिकाभित्र कति जातजातिको बसोबास रहेको छ ?

ख. के तपाईं आफ्नो मातृभाषा बोल्नु हुन्छ ? तपाईं आफ्नो मातृभाषामा भातलाई के भन्नुहुन्छ ?

ग. नेपालको सरकारी कामकाजको भाषा कुन हो ?

घ. मादी नगरपालिकामा बोलिने भाषाहरुको सूची बनाउनुहोस् ।

ङ. तपाईंको आफ्नो वडामा बोलिने भाषाहरुको सूची तयार पार्नुहोस् ।

च. मातृभाषा केलाई भनिन्छ ?

**४. परियोजना कार्य :** अभिभावकसँग सोधीखोजी गरी तपाइँको वडाभित्र बसोबास गर्ने जातजातिहरुको सूची तयार गरी उनीहरुले बोल्ने भाषाहरु समेत उल्लेख गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**पाठ ६**

# हाम्रा धार्मिक स्थल

**चित्र अवलोकन गरौं :**




मादी नगरपालिकामा धेरै धार्मिक स्थलहरु रहेकाछन् । ती मध्ये देवढुङ्गा पनि निक्कै प्रसिद्ध हो । पहिलेका मानिसहरु यस देवढुङ्गालाई डाङ्डुडे ढुङ्गा पनि भन्ने गर्दथे । देवढुङ्गा मादी नगरपालिका वडा नम्बर ४, डाँडागाउँमा पर्दछ। ओखरबोटे बजार नजिकै यो तीर्थस्थल रहेको छ । यहाँ ठूला ठूला ढुङ्गा ढल्किएर बनेका दुईवटा ओढार छन् । ओढारभित्र ठूला ठूला ढुङ्गा कुँदेर शिवको ८ फिट लामो र पार्वतीको ६ फिट लामो मूर्ति रहेका छन्। ओढार प्रवेश गर्ने द्वारको बाहिरपट्टि बुद्धको मूर्ति र बसाहाको मूर्ति राखिएको छ। शिव मस्त निद्रामा रहेको र शिव निद्राबाट नब्युझिँदासम्म पार्वतीले फूलको गुच्छा लिएर पर्खि रहेको आभास हुन्छ। यहाँ साउनको सोमबार शिवलाई जल चढाउने गरिन्छ । हरितालिका तीजका दिन पनि ब्रतालु महिलाहरुले यहाँ धुमधामसँग पूजापाठ गरी नाचगान गर्ने गर्दछन् । बालाचतुर्दशी र शिवरात्रिका दिन यहाँ शिवको दर्शन गर्न धेरै मानिसहरु आउने गर्दछन् । देवढुङ्गा तीर्थस्थल नजिकै पाथीभरा देवीको शाखा मन्दिर र भ्यु टावर पनि भएकाले यो ठाउँमा धेरै स्थानीय पर्यटकहरु आउने गर्दछन् । यहाँ

शिवरात्री र बालाचचुर्दशीका दिन मेला समेत लाग्ने गर्दछ । टाढा-टाढादेखि भक्तजनहरु मेलाको अवसर पारेर देवढुंगा तीर्थस्थलको भ्रमण गर्न आउने गर्दछन् ।

## क्रियाकलापहरु :

### १. तल दिएका प्रश्नहरुको उत्तर लेख्नुहोस् :

क. तपाईंको वडामा भएका मन्दिरहरुको नाम लेख्नुहोस् ?

ख. तपाईं पूजापाठ गर्न कहाँ जानुहुन्छ ?

ग. तपाईंको वडामा भएका गुम्बा, चर्च, साकेला थानको नाम लेख्नुहोस् ?

घ. देवढुङ्गामा के के का मूर्तिहरु छन् ?

ङ. देवढुङ्गामा कहिले मेला लाग्दछ ?

### २. तलका भनाइ ठिक बेठिक छुट्टयाउनुहोस् ।

क. देवढुंगा मादी नगरपालिकाको प्रसिद्ध धार्मिक स्थल हो ।

ख. मेरो वडामा राम मन्दिर छ ।

ग. साकेलाथान ओखरबोटेमा पर्दछ ।

घ. चण्डी पूर्णिमाको दिन भक्तजनहरु आएर देवढुंगामा नाचगान गर्ने चलन छ ।

ङ. भ्यू टावरबाट धेरै परसम्मको दृश्य अवलोकन गर्न सकिन्छ ।

### ३. परियोजना कार्य :

विद्यार्थीहरुलाई आफ्नो विद्यालय नजिकै भएको कुनै एक धार्मिक स्थलको भ्रमण गराइ शिक्षकले दिएको ढाँचामा एउटा छोटो भ्रमण प्रतिवेदन तयार गर्न लगाउनुहोस् ।

**शिक्षकलाई निर्देशन : आफ्नो वडामा भएका धार्मिक स्थलहरु पछाडि अनुसूची हेरेर शिक्षण गर्नुहोस् ।**

# पाठ ७ संस्कार संस्कृति र वेशभूषा

**चित्र हेरौं र भनौं :**















## क्रियाकलापहरु :

### १.पढौ र बुझौं :



**(क)** छिमेकी लाक्पा आखे बित्नु भयो । मरेको तीन दिनका दिन लामा गुरु ल्याएर पढ्न लगाइयो । लामा गुरुले हातमा घण्टी लिएर बजाउँदै पढ्नु भयो । काठमा छाला मोरेको ठुलो ढ्याङ्ग्रो पनि बजाउने काम भयो । यसलाई तामाङ्ग समुदायको नुन तेल छुने कर्म भन्छन् । मादी नगरपालिका वडा नम्बर १, ४, ५, ६, ८ र ९ मा तामाङ समुदायको बसोबास रहेको छ ।



**(ख)** नेवार समुदायमा छोरी ७□८ वर्ष उमेर भएपछि अर्थात् रजस्वला हुनु अगावै वेलसँग विवाह गर्ने प्रचलन रही आएको छ । यो कर्मलाई इही पर्व भनिन्छ । मादी नगरपालिका वडा नम्बर ३, ६ र ९ मा नेवार समुदायको बसोबास रहेको छ ।

## २.चित्र हेरेर उत्तर बताउनुहोस् :

अ. चित्र हेरी उत्तर दिनुहोस् ।



क) कुन जाति समुदायको चित्र हो ?

ख) पुरुषको पहिरन के के रहेकोछ ?

ग) महिला कस्तो वेशभूषामा छन् ?

आ.लिम्बू जातिको विवाह उत्सव





क) यो नाचलाई के भनिन्छ ?

ख) पुरुष कस्तो वेशभूषामा छन् ?

ग) महिलाले के कस्तो पोसाक र गहना लगाएका छन् ?

## ३. मिल्दो शब्द छानी जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| तामाङ | धान नाच |
| नेवार | ठूलो ढ्याङ्ग्रो |
| लिम्बू | झ्याम्टा |

## एकैछिन यो सम्वाद पढौं :



**राम** : तिहारमा दिदी आउनु भयो ।

**सीता** : मैले दाजुलाई फूल, माला टीका लगाइदिएँ ।

**राम** : दिदीले हामी दाजुभाइलाई फूल, माला र टीका लगाइदिनुभयो ।

**सीता** : भाइलाई सेल, मिठाइ, काजु, किसमिस, दिएँ ।

**राम** : हामीलाई दिदीले सेल, मिठाइ र टोपी दिनुभयो ।

**सीता** : भाइको दीर्घायुको कामना गर्दै तेलले छेकेर मखमलीको माला पनि लगाइदिएँ ।

**राम** : हो त तेल नसुकेसम्म र मखमली नओइलाएसम्म राक्षसले छुनै सक्तैन अरे ।

**सीता** : भैलो खेल्दा सारै रमाइलो भयो ।

**राम** : हामी पनि ८□१० भाइ मिलेर देउसी खेल्दै गाउँ घुम्यौं ।

**सीता** : पल्ला गाउँका दाइहरुले नाच पनि ल्याएका थिए ।

राम : मादल बजाउँदै देउसीको लयमा नाच्दा त धेरै रमाइलो भयो ।

## ४. माथिको संम्वादका आधारमा तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

क) तिहारमा फूलमाला र टीका कसले लगाइदिन्छन् ?

ख) मखमली फूलको माला किन लगाउने गरिन्छ ?

ग) तिहारमा कस्तो परिकार खाने चलन छ ?

घ) दिदी बहिनीले दाजुभाइलाई तिहारमा के के सौगात दिने गरिन्छ ?

ङ) देउसी, भैलो कुन चाडमा खेल्ने चलन छ ?

# पाठ ८ सामाजिक व्यक्तित्व र संघसंस्था

## मेरो वडा र वडाभित्रका संघ संस्थाहरुः

मेरो नाम स्मार्ट लिंथेप हो । म मादी नगरपालिका वडा नम्बर ८ मावादिनमा बस्छु । म मेरो वडा भित्र रहेका मुख्य संघ संस्थाहरुको नामावली उल्लेख गर्न गइरहेको छु ।

## मादी नगरपालिका वडा नम्बर८ का संघ संस्थाहरु

क) ८ नम्बर वडा कार्यालय,

ख) श्री सरस्वती माध्यमिक विद्यालय मावादिन,

ग) श्री त्रिशक्ति बचत तथा ऋण सहकारी संस्था,

घ) श्री दीपज्योति ग्रामिण बिद्युत सहकारी संस्था,

ङ) मावादिन स्वास्थ्य चौकी,

च) ज्याछ्योन छ्योलिङ गुम्बा,

छ) मावादिन सामुदायिक सिकाइ केन्द्र,

ज) विजय चर्च ।

### मावादिनमा भएका अन्य संघ संस्थाहरु

क) अतिरिक्त हुलाक सेवा

ख) मावादिन  युवा समाज विकास केन्द्र

ग) लिङ्वारी सामुदायिक वन उपभोक्ता समिति

घ) गडी डाडा सामुदायिक वन उपभोक्ता समिति

ङ) विभिन्न आमा समुहरु तथा कृषि समुहरु ।

म बसोबास गर्ने मादी नगरपालिका वडा नम्बर ८ को वडा कार्यालय मावादिनको सोमबारे डाँडामा रहेको छ । मादी न.पा. वडा नम्बर ८ को  पहिलो वडाध्यक्ष चन्द्र

बहादुर गुरुङ हुन् । वडा कार्यालयबाट जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाइँसराइ, नागरिकता सिफारिस, तिरो बुझ्ने जस्ता प्रशासनिक सेवाहरु प्रदान गरिन्छ । वडा कार्यालयबाट शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता बिकास निर्माण कार्यहरु हुने गर्दछ। हाम्रो ८ नम्बर वडाका प्रथम वडाध्यक्षको कार्यकालमा भएका केही उल्लेखनीय कामहरु निम्न अनुसार रहेका छन् ।

क) वडाभित्रका प्रत्येक घरमा खानेपानीको व्यवस्था ।

ख) जीर्ण रहेको बिजुलीको काठे पोल विस्थापित गर्ने कामको थालनी ।

ग) वडाको भित्री सडकहरुको स्तरोन्नति ।

घ) सरस्वती मा.वि.को दक्षिणी भागमा भवन निर्माणको उद्देश्यले आधारशीला तयारी आदि । मादी नगरपालिका वडा नम्बर ८ को वर्तमान वडाध्यक्ष श्री सुनिल लिंथेप हुनुहुन्छ ।

## क्रियाकलाप :

### १. खाली ठाउँ भर्नुहोस् ।

क. मेरो वडाको पहिलो वडाध्यक्षको नाम...................... हो ।

ख. मेरो वडाको सहकारी संस्थाको नाम ................हो ।

ग. मेरो वडामा भएको एक युवा क्लवको नाम .............................हो ।

घ. मेरो वडाको वर्तमान वडाध्यको नाम........................हो ।

### २. छाटो उत्तर दिनुहोस् ।

क) तपाईंको वडाको पहिलो वडाध्यक्षको नाम के हो ?

ख) तपाईंको वडाको वर्तमान वडाध्यक्षको नाम के हो ?

ग) तपाईंको वडाको पहिलो वडाध्यक्षको कुनै २ वटा उल्लेखनीय योगदान लेख्नुहोस् ।

घ) तपाईंको वडाका कुनै ४ वटा प्रमुख संघ संस्थाहरुको नाम लेख्नुहोस् ।

## ३.परियोजना कार्य :

शिक्षकको सहयोगमा तपाईंको विद्यालय रहेको वडा कार्यालयको भ्रमण गरी वडा अध्यक्ष/ सचिवसँग सोधखोज गरेर वडाभित्र रहेका आमा समूह र कृषि समूहको नामावली तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

**शिक्षकलाई निर्देशन: तपाईंको वडाभित्र रहेका संघ संस्थाहरुको नाम र पहिलो वडाध्यको योगदानहरुको बारेमा प्रष्ट पारिदिनुस् ।**

# पाठ ९ कला र साहित्य

**पढौं र बुझौं :**

**क**. मादी नगरपालिको नयाँ वर्षको सुरुमै पल्लो गाउँको सोनाम दाइको छोराको विवाह भयो । विवाहमा तामाङ सेलो गाउँदै डम्फु नाच हेर्न रमाइलो भयो । हामीले पनि गीत गाउँदै रमाइलो गऱ्यौं ।



**आम्मैले होइ आम्मैले,**
**तल्लोमा बाटो घुमाई ले ।**
**डम्फु र माथिको चरी हेर,**
**चरीको निहुँले मलाई हेर ।**
**घिन्ताङ् मा घिन्ताङ् मादलु,**
**बेहुली रैछन् लजालु ।**
**तामाङ सेलो डम्फु नाच,**
**चयाङ्बाले कम्मर तीनठाउँ भाँच ।**
**आखे खाजी मुन ताजी,**
**माम्से ज्यावान कान चाजी ।**
**लास्सो ............................. ।**



(अर्थात हजुरबुवा आउनुभयो, हजुरआमाले मिठो खान पकाउनुभयो ।)

**क्रियाकलाप :**

१. गीतका आधारमा तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

क. कुन जातीय समुदायमा डम्फु नाच नाचिन्छ ?

ख. तामाङ गीतलाई के भनिन्छ ?

ग. डम्फुमाथि के हुन्छ ?

घ. मादल कसरी बज्छ ?

## पढौं र बुझौं :

**ख.** विद्यालयमा गरिने विभिन्न साप्ताहिक कार्यक्रममध्ये नाचगान कार्यक्रममा मादल, बाँसुरी, हार्मोनियम, दुकी तवला जस्ता बाजाको धुनले मनै लोभ्याउँछ । सर र मिसहरुले बाजा बजाउनुहुन्छ । हामी विद्यार्थी पालैपालो नाच्दछौं ।

## क्रियाकलाप :

**१ विद्यालयमा भएका बाजाहरुका नाम लेख्नुहोस् ।**

**२. देउसी गीत समूहमा गाऔं ।**




| | | | |
|---|---|---|---|
| झिलिमिली झिलिमिली | देउसीरे | के को झिलिमिली | देउसीरे |
| फूलको झिलिमिली | देउसीरे | ए भन है भाइ हो, | देउसीरे |
| लौ भन भाइ हो | देउसीरे | ए मादलको रन्को | देउसीरे |
| रोटीको फन्को | देउसीरे | ए घरभेटी आमा | देउसीरे |
| नाङ्लामा पैसा | देउसीरे | लिएर आइस्यो | देउसीरे |
| एसै घरका | देउसीरे | बुढाबुढी | देउसीरे |
| वर पिपल जस्तै | देउसीरे | तपिमा रहून् | देउसीरे |
| लाला र वाला | देउसीरे | दीर्घायु होऊन् | देउसीरे |
| लेकको काने | देउसीरे | औलाको माने | देउसीरे |
| आसिक दिँनू | देउसीरे | एत्तिकै जाने | देउसीरे |

**३. आफूलाई मन पर्ने एउटा कविता लेखेर कक्षामा सुनाउनुहोस् ।**

*शिक्षकलाई निर्देशन :* **विद्यार्थीहरुका आ आफ्ना समुदायमा हुने जातीय संस्कार, संस्कृति, चाडपर्वमा गरिने क्रियाकलापका बारेमा बुझेर शिक्षण गर्नुहोस् ।**

## पाठ १०

# हाम्रा मेला पर्व

**चित्र हेरौँ र छलफल गरौँ :**






१. माथिको पहिलो चित्र के को हो ?

२. माथिको दोस्रो चित्रमा मानिसहरु के गर्दै छन् ?

**तालिका अध्ययन गरौं :**

मादी नगरपालिकामा लाग्ने मेला पर्वहरूको विवरण

| मेला पर्व | तिथि मिति | स्थान |
|---|---|---|
| लाली गुराँस मेला | वैशाख १ गतेदेखि | मादी १, चौकी बजार |
| उभौली | वैशाख पूर्णिमा/चण्डी पुर्णिमा | मादी नगरका सबै ठाउँमा |
| गाईजात्रा | श्रावण कृष्ण प्रतिपदा | मादी ३ मुलखर्क |
| उधौली | मंसिर पूर्णिमा | मादी नगरका सबै ठाउँमा |
| पुसे मेला | पौष २५ देखि २७ | वडा ९, फाविङ |
| तमु ल्होसार | पौष १५ | वडा ४ र ७ का तमु गुम्बा |
| सोनाम ल्होसार | माघ शुक्ल प्रतिपदा | वडा ४, ओखरबोटे |
| श्रीपञ्चमी मेला | माघ शुक्ल पञ्चमीदेखि | मादी ३, मूलखर्क बजार |
| ग्याल्पो ल्होसार | फागुन शुक्ल प्रतिपदा | वडा ४, मानेहाट |
| राम नवमी | चैत्र शुक्ल नवमी | वडा ६, राम्बेनी |

**गाईजात्रा**

गाईजात्रा नेवार जातिले मनाउने पर्व हो । यो पर्व श्रावण कृष्ण प्रतिपदाको दिन मनाइन्छ । मादी नगरपालिका वडा नम्बर ३ मा नेवार जातिको बसोवास भएकोले उक्त क्षेत्रमा गाईजात्रा पर्व मनाइन्छ । गाईजात्राको मुख्य आकर्षण भनेको लाखेनाच हो । यो नाचमा सबै जातिले उत्सुकताका साथ भाग लिन्छन् ।



**क्रियाकलापः**

माथिको उदाहरण हेरी तल दिइएका मेला पर्वको बारेमा टिप्पणी लेख्नुहोस् :

क. ल्होसार

ख. लालीगुराँस मेला

ग. रामनवमी

घ. उधौली पर्व

## अध्ययन गर्नुहोस् :

विष्णुः- मेरो नाम विष्णु प्रधान हो । म नेवार हुँ । हाम्रो समुदायमा गाइजात्रा पर्व मनाउने चलन छ। यो पर्व श्रावण महिनाको कृष्ण पक्षको प्रतिपदाको दिन पर्दछ। हामी मूलखर्कमा गाईजात्रा र हिले जात्रा देखाउँछौं। त्यो बेला लाखे नाच हेर्न तपाईंहरु कसै गरी आउनु होला है।

सोनामः- फ्याफुल्ला (नमस्कार) हामी त तामाङ हौं। सोनाम ल्होसार हाम्रो ठुलो पर्व हो । यो पर्व माघ शुक्ल प्रतिपदाको दिन पर्छ । ल्होसार पर्वमा हामी नाचगान गर्ने, डम्फुनाच देखाउने, सेलो गाउने गर्छौं । तपाईंहरूलाई पनि हेर्न मन छ भने गुम्बामा आउनु होला है ।

आरूषीः- म आरूसी कार्की हुँ । मेरो घर चौकी बजारमा छ। चौकी बजारको छेउछाउ रमाइला डाँडाहरू छन्। वैशाख १ गते नयाँ वर्षका दिन यहाँ ठुलो मेला लाग्दछ। चैत्र वैशाखमा गुँरास फुलेर वनजङ्गल रातै हुन्छ। धेरै मान्छे गुराँस हेर्न आउनु हुन्छ। फोटो खिच्दै भिडियो पनि बनाउनु हुन्छ । अर्को सालको लालिगुँरास मेलामा रमाइलो गर्न तपाईंहरू पनि आउनुहोस् है ।

तमु ल्होसारः

तमु ल्होसार गुरुङ जातिको महान पर्व हो । मादी नगरपालिकामा बसोबास गर्ने गुरुङ जातिले यो पर्व मनाउँछन्। ल्होसार भनेको नयाँ वर्ष हो । गुरुङहरुले पौष १५ गतेलाई

ल्होसार पर्वको रुपमा मनाउँदछन् । तमु ल्होसारको अघिल्लो दिनदेखि नै यो पर्व मनाइन्छ । अघिल्लो दिन बेलुकी पूजा पाठ गराउने, भोज भतेर लगाउने, नाचगान गर्ने चलन छ । राती बाह्र बजेबाट नयाँ वर्ष सुरु हुन्छ । ल्होसारको दिन बिहानैदेखि इष्टमित्र, आफन्तजन, साथीभाइबिच शुभकामना आदान प्रदान गरिन्छ । आशिर्वाद लिने दिने गरिन्छ र भोज खुवाइन्छ । तमु ल्होसारको दिन गुरुङहरुले आफ्नो संस्कृति झल्किने खालका वेषभूषा लगाउछन् । तमु ल्होसारको दिन छोरी मान्छेहरुले मखमली चोली, पटुकी, छिटको गुन्यु, घलेक लगाउछन् भने पुरुषहरुले शिरमा टोपी, भोटो माथि भाङ्ग्रो लगाउँछन् र कछाड लगाएर पटुकी बाँधेका हुन्छन् । मादी नगरपालिकामा पनि यो चाड बडो धुमधामका साथ मनाइन्छ । मादी नगरपालिका वडा नम्बर ३ को मूलाबारी भन्ने ठाउँमा रहेको नेपाल बौद्ध गुम्बा र वडा नम्बर ७ को बाघामा रहेको साङ्छ्योलिङ् गुम्बामा ल्होसार पर्व भव्यताका साथ मनाइन्छ । लामा गुरुबाट पूजा पाठ गरी नयाँ वर्षलाई स्वागत गरिन्छ ।

## क्रियाकलाप :

### १. तलका प्रश्नको उत्तर लेख्नुहोस् ।

क) गाईजात्रा कहिले मनाइन्छ ?

ख) सोनाम ल्होसारको दिन के के गरिन्छ ?

ग) तमु ल्होसारका दिन गुरुङ महिलाहरुले के कस्तो पोसाक लगाउछन् ?

घ) मादी नगरपालिकामा गुरुङ गुम्बा कहाँ कहाँ छन् ?

ङ) लालिगुँरास मेला कहाँ लाग्दछ ?

### २. परियोजना कार्य :

**आफ्ना अभिभावकसँग सोधखोज गरी तलका प्रश्नको उत्तर तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

क) तपाईं कुन जातीय समुदायको मानिस हो ?

ख) तपाईं कुन कुन पर्व मनाउनु हुन्छ ?

ग) तपाईंका आमा दिदीहरुले मेलापर्वमा के कस्ता गरगहना लगाउनु हुन्छ ?

घ) तपाईंले मनाउने कुनै एक पर्वमा गरिने क्रियाकलापहरु उल्लेख गर्नुहोस् ।

ङ) तपाईं कुन मेला पर्वमा पुग्नु भएको छ ? मेला बजारका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।







# पाठ ११ हाम्रा पानीका स्रोत



पानी प्राणी र वनस्पतीलाई नभई नहुने अनिवार्य पदार्थ हो । खाना पकाउन, लुगाधुन, सिँचाइ गर्न, पिउन, बिजुली निकाल्न आदि जस्ता थुप्रै काममा पानीको प्रयोग गरिन्छ । हाम्रो मादी नगरपालिकामा थुप्रै पानीका स्रोतहरु रहेका छन् । त्यस्ता स्रोतहरु मध्ये खोला, मुहान, धारा, कुवा, सिमसार क्षेत्र आदि पर्दछन् ।
देउमाई, ओइराङ्ग, घुन्सा, वालिङ, काभ्रे, मगर, बाघा, लखुवा, सिकुवा र याँवरा यस नगरपालिकाभित्र रहेका मझौला खोलाहरु हुन् भने माया र पिलुवा ठुला खोलाहरु हुन् । लामपोखरी, धनपोखरी जस्ता प्रसिद्ध पोखरीहरु पनि यस नगरपालिकाका अमूल्य सम्पत्ति हुन् ।

मादी नगरपालिका भित्र मुलपानी धारा, जोरधारा, आइतबारे धारा, नयाँधारा, आमचोक धारा, सिम धारा, सरदार धारा, गोपिनी धारा, ठोट्ने पानी धारा, फिस्टे धारा, हिटी धारा, पाटीधारा, देवीथान धारा, मेलबोटे, बोजे धारा जस्ता चर्चित धाराहरु रहेका छन् । ती धाराहरुलाई स्थानीय बासीहरुले संरक्षण गरी प्रयोग गरिरहेका छन् । कतिपय धारालाई मादी नगर सरकारले दिगो मुहान संरक्षण गर्ने उद्देश्यले घेराबारा गरी कङ्क्रिट ढलान समेत गरेको छ । धमिलो पार्दा समेत नधमिलिने पानीका स्रोतका रुपमा चोक्टी कुवा (मादी नगरपालिका ३ फुदुङ) प्रसिद्ध छ । मादी नगरपालिका ३ कै चिरैते र थामखर्कको बिचमा ठुलो क्षेत्रमा फैलिएको ठुलोसिम रहेको छ । जनता मा.वि.बाघाको छेउमा रहेको घलेगाउँ देवीथान सिमसार क्षेत्रमा उल्लेख्य पानीका स्रोतहरु रहेका छन् ।
मादी नगरबासीहरुले उक्त जलस्रोतलाई भरपुर सदुपयोग गरेका छन् । खानेपानीका मुलमा ट्याङ्की निर्माण गरी घर घरमा पाइप धाराको निर्माण गरेका छन् । खोलाको

पानीलाई सदुपयोग गरी कृषिबालीलाई सिँचाइ गर्न विभिन्न खोलाबाट धेरैवटा कुलाहरुको निर्माण गरिएको छ । तीमध्ये देउमाई, घुन्सा, वालिङे, बाघो, काभ्रे, मान, धोद्रे र मौरी खोला कुलो उल्लेख्य कुलाहरु हुन् । कतिपय कुलाहरु भत्किएर जीर्ण अवस्थामा पुगेकाले मर्मत सुधार गरी प्रयोग गर्नुपर्ने अवस्था भएको छ । हाल कुलोबाट भन्दापनि पाइपबाट पानी ल्याएर खेतबारीमा प्रयोग गर्ने प्रचलन बढ्दो छ । जसले गर्दा खोलाका मुलहरु हराउने, नासिने, सुक्ने अवस्थामा पुगेका छन् । मुललाई संरक्षण गर्नु हामी सबैको कर्तव्य हो ।

**क्रियाकलापः**

**१. तल सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् :**

क) मादी नगरपालिकाभित्रका रहेका ५ वटा खोलाहरुको नाम लेख्नुहोस् ।

ख) मादी नगरपालिकाभित्रका ५ वटा धाराहरुको नाम लेख्नुहोस् ।

ग) धमिलो पार्दा पनि धमिलो नहुने कुवाको नाम के हो ?

घ) मादी नगरपालिकाभित्रका मुख्य मुख्या ५ वटा कुलोहरुको नाम लेख्नुहोस् ।

ङ) आजकाल पानीका मुहानहरु सुक्दै जानुको प्रमुख कारण के हो ?

**२. छलफल गर्नुहोस् :**

क. मादी नगरपालिकाभित्र भएका पानीका स्रोतहरुलाई जोगाउन हामीले के गर्नुपर्ला ?

**३. शिक्षक वा अभिभावकसँग सोधेर स्थान (वडा र टोल) भर्नुहोस् :**

| | | | |
|---|---|---|---|
| मुलपानी धारा | | ठोट्ने पानीधारा | |
| नयाँधारा | | वालिङ खोला | |
| फिस्टे धारा | | काभ्रेखोला | |
| ठुलो सिम | | ओइराङ खोला | |

| | | | |
|---|---|---|---|
| आमचोक धारा | | चोक्टी कुवा | |
| सिमधारा | | धोद्रे कुलो | |
| सरदारधारा | | देउमाई कुलो | |

**शिक्षकलाई निर्देशन:** **मादी नगरपालिकाभित्र रहेका खोला, सिम, कुवा वा जलस्रोतका क्षेत्रहरुको बारेमा प्रशस्त नाम टिपाई अभ्यास गराउनुहोस् ।**

# पाठ १३ वनजङ्गल

**पढौं र बुझौं :**



थुप्रै रुख तथा बोटबिरुवाहरु उम्रेर हुर्केको ठाउँलाई वनजंगल भनिन्छ । वनजंगलमा धेरै प्रजातिका असंख्य बिरुवा तथा रुखहरु हुन्छन् । वनजंगलमा हुने बिरुवा तथा रुखहरुलाई मानिसले विभिन्न रुपमा प्रयोग गर्दछन् । केही बिरुवा तथा रुखहरु घाँसका लागि उपयुक्त हुन्छन् भने केही रुखहरु दाउरा काटेर बाल्नका लागि उपयुक्त हुन्छन् । त्यस्तै काठ र लकडीको प्रयोग गर्न समेत वनजंगल नै चाहिन्छ ।

मादी नगरपालिकाभित्र साना तथा ठुला गरी धेरैवटा वनजङ्गल हरु रहेका छन् । केही वनहरु निजी प्रकारका छन् भने केही वनहरु सामुदायिक छन् । ती वनहरुमा मानिसलाई आवस्यक पर्ने घाँस, दाउरा, काठ, लकडी आदि पाइन्छ । हावापानी, उचाइ र जमिनको ढाल अनुसार ती बिरुवा तथा रुखहरु भिन्न भिन्न प्रजातिका हुन्छन् । वनजङ्गलले माटोको संरक्षण समेत गर्दछ । बिरुवाका जराले माटोलाई बलियो गरी समाउँछ र पहिरो जानलाई रोक्छ । बाढी आएपछि माटोलाई बगाउनबाट समेत बचाउँछ । तसर्थ हामीले खाली जमिनमा बिरुवा रोप्नुपर्छ । हामीले हाम्रो विद्यालयको वातावरणलाई स्वच्छ र सफा राख्नु पर्दछ । खाली रहेका डाँडा पाखामा वृक्षरोपण गर्ने बानी बसाल्नुपर्छ ।






वनजङ्गलबाट हामीले थुप्रै आम्दानी लिन सकिन्छ । हामीले प्रयोग गर्ने औषधी हाम्रै वनमा भएका जडिबुटीहरुबाट बनाइन्छ । त्यसैगरी बाँसबाट विभिन्न कृषिका सामानहरु बनाइन्छ । जडिबुटी संकलन गरेर तथा बाँसबाट बन्ने सामानहरुलाई व्यावसायिक रुपमा सञ्चालन गरेर पनि आम्दानी लिन सकिन्छ ।

अहिले मादीका निजी वनहरुबाट उत्तीस, मलतो, चिलाउने, पात्ले आदि रुखका लकडीको रुपमा प्रशस्त मात्रामा बेचबिखन भइरहेको छ । हामीले वन मासेर आम्दानी लिने मात्र होइन, वृक्षारोपण गरेर संरक्षण पनि गर्नु पर्दछ । जसले गर्दा वातावरणीय संत्लन कायम राख सकिन्छ ।





## क्रियाकलाप :

### १. तलका खाली ठाउँ भर्नुहोस् :

क) नेवारो ........................... का लागि प्रयोग गरिने रुख हो ।

ख) सखुवा............................का लागि प्रयोग गरिने रुख हो ।

ग) उत्तीस ........................... का लागि प्रयोग गरिने रुख हो ।

घ) चोया बनाउन ............................ चाहिन्छ ।

ङ) चौतारामा ....................................रोपिन्छ ।

## २. उत्तर लेख्नुहोस् :

क. वनजङ्गल भनेको के हो ?

ख. वनजङ्गलबाट मानिसलाई के के प्राप्त हुन्छ ?

ग. वनजङ्गलले माटोको सुरक्षा कसरी गर्दछ ?

घ. तपाईंको गाउँघरमा बाँसको चोयाबाट के के सामान बनाइन्छ ? लेख्नुहोस् ।

## ३. परियोजना कार्य:

क. तल दिइएको तालिका भर्नुहोस् :

| घाँसका लागि प्रयोग हुने बिरुवा | दाउराका लागि प्रयोग हुने बिरुवा | काठका लागि प्रयोग हुने बिरुवा | जडिबुटीका लागि प्रयोग हुने बिरुवा |
|---|---|---|---|
| | | | |

## ४. तपाईंको समुदायमा भएको वनमा पाइने बोटविरुवाहरुको नाम लेखेर ल्याई कक्षामा सुनाउनुहोस् ।



**शिक्षकलाई निर्देशन: आफ्नो समुदायमा पाइने बोटबिरुवा तथा रुखहरु के के प्रयोजनमा प्रयोग गर्नुहुन्छ ? भन्नेबारे प्रशस्त धारणा दिनुहोस् ।**

## पाठ १३ माटो

तारा र पुनम विद्यालय जाँदै थिए । उनीहरु बाटोमा आज मादीको सेरोफेरो अन्तरर्गत माटोको उपयोगिता भन्ने विषयमा पढाइ हुने भएकोले उक्त पाठका विषयमा कुरा गर्दै छन् ।

**पुनमः** ए ! तारा तिमीले माटोको उपयोगिताका बारेमा के के तयारी गरेर आयौ त ?

**ताराः** मैले त त्यति धेरै गर्न पाइन नि । घरमा बाबाले पनि सिकाउन भ्याउनु भएन । दादालाई सोध्दा अलिअलि मात्र भनिदिनु भयो । बरु तिमी भन न ! तिमीले कति तयारी गऱ्यौ ?

**पुनमः** उम् ! मैले पनि अलिअलि मात्रै गरें । बुवाले भनिदिनु भयो नि त ।

**तारा :** भन त के के भन्नु भयो ?

**पुनमः** सुन त, माटो त धेरै किसिमको पो हुँदो रहेछ त । हाम्रो गाउँमा चाँहि चिम्ट्याइलो माटो, बलौटे माटो, रातोमाटो, कालोमाटो, कमेरेमाटो पाइँदो रहेछ ।

**ताराः** अनि यिनीहरु के के काममा प्रयोग गरिँदो रहेछ त ?

**पुनमः** सबै चाँहि भन्नु भएन बुवाले । चिम्ट्याइलो माटोबाट इँटा बनाउन, घरको भुँइ लिप्न, गारो लगाउँन प्रयोग गरिन्छ रे । (गफ गर्दै जाँदा बाटोमा राम सर भेटिनु हुन्छ । )

**दुवैजनाः** सर नमस्कार !

**राम सरः** नमस्कार ! नानीहरु, के कुरा चलिरहेको छ तिमीहरुको ?

**पुनमः** आज मादीको सेरोफेरो विषयमा माटोको उपयोगिता भन्ने पाठ पढाइ हुने भएकाले रीता मिसले घरमा सोधेर आउनु भन्नु भएको थियो । त्यही बारेमा कुरा गर्दै थियौं ।

**ताराः** घरमा त्यति धेरै कुरा थाहा पाएनौ हामीले । सरले भनिदिनु भए राम्रो हुने थियो ।

राम सर: सुन नानी हो ! हामीले हाम्रै घरमा बन्ने कम्पोष्ट र प्राङ्गारिक मल प्रयोग गरेर खेतबारीको माटो मलिलो बनाउन सक्छौँ । मलिलो माटोबाट धेरै अन्न, फलफूल उत्पादन गर्न सक्छौँ । तर आजकाल खेतबारीमा प्रयोग भइरहेको रासायनिक मलका कारणले माटोको उर्वराशक्ति नास हुँदै गइरहेको छ । हामीले माटोको संरक्षण गर्न सकेसम्म घरायसी पशुपंक्षीको मल नै प्रयोग गर्नुपर्छ ।

तारा: अनि अरु के के गर्न सकिन्छ छ त सर माटोबाट ?

राम सर: माटोबाट हामी धेरै फाइदा लिन सक्छौँ । माटोबाट भाँडाकुडा बनाउन, इँटा बनाउन, घर लिप्न, मुर्तीहरु बनाउन तथा हस्तकलाका सामग्रीहरु बनाई बजारमा बेच्न सकिन्छ । पहिले पहिले हाम्रै मादी नगरपालिका वडा नम्बर ३ को कामीचौर भन्ने गाउँमा पनि माटोका भाँडाकुँडा बन्ने गर्थे ।

पुनम: अनि अहिले चाँहि बन्दैन सर ?

राम सर: हो ! अहिलेका मानिसहरुले परम्परागत पेसा छाडेर बजारका तयारी सामानहरु प्रयोग गर्न थाले र बिस्तारै यो कला लोप हुँदै गइसक्यो ।

(कुरा गर्दागर्दै सबै जना विद्यालय पुग्छन् र आ-आफ्नो कक्षाकोठातिर लाग्छन् ।)

## क्रियाकलाप :

१. माथि दिइएको संवाद कक्षामा अभिनय सहित पालैपालो पढ्नुहोस् ।

२. **उत्तर लेख्नुहोस् :**

क) मादी नगरपालिकाभित्र कस्तो कस्तो प्रकारको माटो पाइन्छ ?

ख) माटोबाट कुन कुन सामग्री बन्दछन् ?


ग) माटोको उर्वराशक्ति बढाउन के गर्नुपर्छ ?

घ) तपाईंको घरमा माटोबाट बनेका कुन कुन सामानहरु छन् ?

## ३. शिक्षकको सहायतामा छलफल गर्नुहोस् :

हाम्रो समुदायमा परम्परागत पेसा छोडी तयारी सामानहरुको प्रयोग गर्ने समस्या दिनानु दिन बढ्दै गइरहेको छ । यो समस्यालाई समाधान गर्न के के गर्न सकिन्छ ?

## ४. चार्ट भर्नुहोस् :





शिक्षकलाई निर्देशन: माटोको उपयोगिता स्पष्ट पार्ने अन्य गतिविधि प्रशस्त गराउनुहोस् ।

## पाठ १४

# प्राणी र बिरुवाको सम्बन्ध

**गीत गाउनुहोस् :**

जनावरलाई खानेकुरा बिरुवाले दिन्छ
प्राणीबाट कार्बनडाइ अक्साइडलाई लिन्छ ।
अक्सिजन लिन्छौँ हामी त्यही बिरुवादेखि
बिरुवालाई मल मिल्छ जनावर देखि ॥






माछामासु, दुध अण्डा उन अनि छाला
जनावर पाल्न जाने मिठो मिठो खाला ।
दाउरा घाँस काठ अनि अक्सिजन दिने
मानिसले बिरुवाबाट फाइदै फाइदा लिने ॥

खेतीपाती गर्नलाई गोरु पाल्नु राम्रो
बिरुवा र प्राणीबिचको सम्बन्ध छ हाम्रो ।
प्राणी रुख मानिस मिली बन्छ वातावरण
जनावर र बिरुवा बिना असम्भव छ जीवन॥



**क्रियाकलाप:**

**१. माथिको गीतलाई लय हालेर पालैपालो गाउनुहोस् ।**

**२. दिइएका प्रश्नहरुको उत्तर लेख्नुहोस् :**

क) हामी बोटबिरुवाबाट के के कुरा पाउँछौं ?


ख) जनावरबाट मानिसले के के कुरा प्राप्त गर्दछन् ?

ग) बिरुवालाई कार्वनडाइ अक्साइड कसले प्रदान गर्दछ ?

घ) बिरुवालाई हुर्कन आवश्यक मलजल कहाँबाट प्राप्त गर्दछन् ?

**३. चित्र हेरी छलफल गर्नुहोस् :**





## ४. शिक्षकको सहायतामा छलफल गरी निष्कर्ष निकाल्नुहोस् :

मानिस, बोटबिरुवा र जनावरकाबिच कस्तो सम्बन्ध छ ?

## ५. परियोजनाकार्य :

क. तपाईंले जनावर र बोट बिरुवाबाट के के प्राप्त गर्नुभएको छ ? आफ्ना अभिभावकसँग सोधेर तलको तालिका भर्नुहोस् :

| जनावरबाट प्राप्त गरेका कुरा | बोट बिरुवाबाट प्राप्त गरेका कुरा |
|---|---|
| | |

**शिक्षकलाई निर्देशनः मानिस, जनावर र बोटबिरुवा बिचको सम्बन्ध प्रष्ट पार्ने शैक्षिक क्रियाकलाप प्रशस्त गराउनुहोस् ।**

# पाठ १५ पेसा र व्यवसाय

तलका चित्रहरु हेरी अवलोकन गरौं ।







मानिसलाई बाँच्नको लागि गाँस, बास र कपासको आवश्यकता पर्दछ । गाँस भन्नाले खाना, बास भन्नाले बस्नेठाउँ र कपास भन्नले कपडा बभ्नु पर्दछ । यी मानिसलाई नभई नहुने आधारभूत आवश्यकता हुन् । यी वाहेक अरु धेरै वस्तुहरु, जीवन निर्वाहका लागि चाहिन्छ । यिनै आवश्यकताहरु पूरा गर्न मानिसहरु अनेक थरिका काम गर्दछन् । उनीहरू आफ्ना रुचि र सिप अनुसारका काम गर्दछन् । मानिसले दैनिक जीवन निर्वाहका लागि गर्ने मुख्य काम वा व्यवसायलाई पेसा भनिन्छ ।

मादी नगरपालिकाभित्र बसोबास गर्ने मानिसहरुले विभिन्न पेसा अवलम्वन गर्दै आएका छन् । केही पेसाहरु पम्परागत छन् भने केही पेसाहरु आधुनिक रुपमा सञ्चालन हुन थालेका छन् । हामीले हाम्रा पम्परागत पेसाहरुलाई संरक्षण र संवर्द्धन गर्नुपर्दछ ।

## अभ्यास

१.तलका प्रश्नहरुको उत्तर दिनहोस्:

क) तपाईंको बुवा के काम गर्नु हुन्छ ?

ख) तपाईंको आमा के काम गर्नु हुन्छ ?

ग) पेसा भनेको के हो ?

## २. परियोजना कार्य :

तपाईंको समुदायमा मानिसहरु कुन कुन काम गर्दछन् ? उनीहरुको नाम, काम र पेसा लेखी तालिका पुरा गर्नुहोस् ।

| नाम | काम पेसा |
| --- | --- |
| १. | |
| २. | |

अध्ययन गरौं :

हाम्रो समुदायका धेरै मानिसहरुको मुख्य पेसा कृषि हो । कृषि र पशुपालन एकसाथ गर्दछन् । कृषकहरू मुख्यत: अन्न तरकारी र फलफूल उत्पादन गर्दछन् । दूध दही, घिउ, मासु र मलको लागि पशुपालन गरिन्छ । कृषिबाहेक अन्य धेरै पेसामा यहाँका मानिसहरु संलग्न छन् । केही मुख्य पेसाहरु, यस प्रकार छन् ।

**क. लोहार :** लोहारहरु आरानमा काम गर्छन । घरायसी काम र खेतीपातीका लागि फलामका विभिन्न औजारहरु बनाउँछन । खुकुरी, कर्द, चक्मक, कोदालो, कोदाली, कुटो,

फाली, करुवा, हँसिया, चुप्पी, तरबार, दोफे, दाउ, खुर्पा, छरी, छुरा, चुलेंसी, बञ्चरो, गैंती, खन्ती, मार्तोल, साँवी मानी, ओदान, दाबिलो, चिम्टा, चिम्टी, डाडु, कर्केली, दाबिला, कैंची, रेती, सनासा, ताई, ताप्के, कराही, दिउरे, काँजो, खाप्स्यो, छिनो, रावो, बसीला, वेनी, साङ्लो, घन, मुर्चुङ्गा आदि निर्माण गर्दछन् ।

**ख.चँदाराः** चँदारा खोलामा भाँडी थापेर काठका भाँडा बनाउँछन् । ठेकी, हर्पे, गरियो, आरी, तोङ्वा, खाङ आदि काठका उपयोगी भाँडाहरु हुन् ।

**ग.कुमाल :** उनीहरु माटाका भाँडाहरु जस्तै हाँडी, गाग्रो, घ्याम्पा, मटिया, धुपौरो, पाला, नानी, गमला, पैनी, खुत्रुके बनाउछन् ।

**घ.सुनारः** सुनारले सुन र चाँदीका विभिन्न थरिका गहना बनाउँछन् । औठी, चुरा, सिक्री, शिरवन्दी, तिलहरी, नौगेडी, बाला, मुन्द्री, बुलाकी झुम्के बुलाकी, पाउजु, बिच्छु, पिंजडा, कुण्डल, बाईं, शिरफूल, कण्ठ, चन्द्रहार, जन्तर आदि शृङ्गारका गरगहनाहरु हुन् ।

**ङ.सिकर्मी** : झ्याल, ढोका, कुर्सी, टेवल, दराज, र्‍याक खाट, डेक्सबेन्च आदि बनाउने काठ कर्मीलाई सिकर्मी भनिन्छ ।

**च. डकर्मी** : ढुङ्गा, इँटाको गारो लाउने कर्मीलाई डकर्मी भनिन्छ ।

**छ.सूचीकारः** सूचीकारले मानिसका लागि कपडा सिउने काम गर्दछन् ।

अन्य पेसामा शिक्षकले पढाउने, कर्मचारीले सरकारी कार्यालयमा काम गर्ने, पसलेले सामान बेच्ने, व्यापारीले कृषकबाट कृषि उपज खरिद गर्ने, चर्मकारले छालाको जुत्ता, चप्पल, पेटी बनाउने, प्रहरीले शान्ति सुरक्षा कायम राख्ने काम गर्दछन् । पेसा ठूलो सानो हुँदैन । सबै पेसाको उत्तिकै महत्व हुन्छ । त्यसैले हामीले सबै पेसाको सम्मान गर्नु पर्दछ । पेसाले मानिसलाई जीवन निर्वाहमा ठुलो सहयोग गर्दछ ।

**क्रियाकलाप :**

**१.जोडा मिलाउनुहोस् ।**

| **समूह क** | **समूह ख** |
|---|---|
| किसान | नौगेडी |
| लोहार | अटोरिक्शा |
| सिकर्मी | दौरा सुरुवाल |
| सुनार | धान, मकै |
| चँदारा | खुकुरी |
| सूचीकार | दराज |
| चालक | ठेकी |

२. किसानहरु, खेतीपाती र पशुपालन एकीकृत रुपमा गर्दछन् । कुनै ५ वटा घरपालुवा जनवारको नाम लेखी तिनीहरुको उपयोगिता लेख्नुहोस् ।

| **जनावरको नाम** | **उपयोगिता** |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |

३. तपाईंको घरमा लोहारले बनाएका फलामका औजारहरु के के छन ? सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

**शिक्षकलाई निर्देशन: अन्य पेसाकर्मीवाट बनेका सामाग्रीहरुको नाम रिपोट गराउनुहोस् ।**

पाठ १६

# तरकारी र फलफूल



**सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् :**

१. चित्रमा भएका तरकारी तथा फलफूलको नाम भन्नुहोस् ।

२. तपाईंको घरमा उत्पादन हुने तरकारी फलफूलको नाम बताउनुहोस् ।

**अध्ययन गरौं :**

हाम्रो समुदायका अधिकांश मानिसहरु खानको लागि चाहिने तरकारी तथा फलफूल आफैं उत्पादन गर्दछन् । फलफुलहरु धेरै उत्पादन हुने भएकाले प्रायः बिक्रि गरिन्छ । कतिपय किसानले तरकारी तथा फलफूलको व्यवसायिक तथा सामूहिक खेती सुरु गरेका छन् । तरकारी तथा फलफुल बाली उपयुक्त माटो, हावापानी तथा जमिनको उचाइमा भर पर्दछ । तसर्थ तरकारी तथा फलफूल खेती सुरुगर्नु अगाडि यी कुरामा ध्यान दिनु पर्दछ ।

**क. हाम्रो समुदायमा उत्पादन हुने तरकारी तथा फलफुलहरु**

**१. तरकारीबाली:-** स्कुस, रायो साग, फर्सी, कुबिण्डो, तोरी साग, लट्टे, फूल कोपी, बन्दा कोपी, ब्रोकाउली, आलु, घिरौला, लौका, भिँडेखुर्सानी, परवल, भण्टा, मुला, गाजर,

सलगम, सिमी, मटर, केराउ, बकुल्ला, बोडी, बैगुन, रामतोरिया, तिते करेला, चुच्चे करेला, स्क्वास, जरिङ्गो, च्याउ आदि हाम्रो समुदायमा उत्पादन हुने तरकारी बाली हुन् । बाँसको तामा, मालिङ्गाको टुसा र कुरिलोको तरकारी पनि खाने चलन छ । निगुरो, डौंठे, सिस्नु, साहिँली साग ओसिलो ठाउँमा पाइन्छ ।

पहिले पहिले हिउँद र गर्मी ऋतुमा तरकारी उत्पादन गरिन्थ्यो । हिजोआजको आधुनिक प्रविधि र आधुनिक प्रयोग गरी वेमौसमी तरकारी उत्पादन गरिन्छ ।

**फलफूल खेती :**

सुन्तला, जुनार, मेवा, केरा, आँप, अम्वा, लिची, आरुवखडा, भुई कटहर, रुख कटहर, अनार, दारिम, एभोकाडो, ड्र्यागन फ्रुट, नास्पाती, खुर्पाने, कागती, ज्यामिर, निबुवा, स्याउ, किवी, आरुचा, अमला, वडहर, भुई स्याउ आदि प्रमुख फलफूलहरु हुन् ।

### ख. दलहन तथा तेलहन बाली

१. दलहन बाली अन्तर्गत गेडागुडी पर्दछन । जस्तै, मास, मस्याम, गहत, खेसरी, मुसुरी, बोडी, सिमी, मटर, केराउ, चना, बकुल्ला, आदि दलहन बाली हुन् । यिनीहरूको तरकारी पनि खाइन्छ ।

२. तेलहन बाली अन्तरगत पेल्दा तेल आउने बाली पर्दछ । तोरी, सर्स्यूं, भटमास, फिलुङ्गे, सिलाम, सूर्यमुखी आदि तेलहन बाली हुन् ।

## क्रियाकलापः

### १. खाली ठाउँमा उपयुक्त शब्द छानेर राख्नुहोस् ।

| **रुख कटहर, काँक्रो, कागती, तिते करेला, स्कुस, तरुल** |
|---|

क) मुन्टा, फल र जरा सबै खान मिल्ने तरकारी .................... हो ।

ख) उच्च रक्तचाप नियन्त्रण गर्न ................... को तरकारी खाने गरिन्छ ।

ग) जमिन मुनि फल्ने तरकारी ............... हो ।

घ) हाम्रो गाउँघरमा ........... को अचार लोकप्रिय छ ।

ङ) फलफूल भएतापनि कलिलोमा ............... को तरकारी खाइन्छ ।

च) अमिलो फलफूलमा............... प्रसिद्ध छ ।

**२. ठिक भए (√) चिन्ह र वेठिक भए (×) चिन्ह दिनुहोस ।**

क) मटर, केराउ, मस्याम कोसाजन्य बालीहरु हुन् ।

ख) कोदो दलहन बालीमा पर्छ ।

ग) च्याउको खेती गर्न सकिन्छ ।

घ) मुला, सलगम, काँचै खाने तरकारी हुन् ।

ङ) अनार स्वास्थ्यको लागि खराब फल हो ।

३. तपाईंको घरमा उत्पादन हुने तरकारी तथा फलफूलको सूची तयार पार्नुहोस् ।

| तरकारी | फलफूल |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |

४. तपाईंको घर वा समुदायमा उत्पादन हुने कुनै ३ वटा दलहन र ३ वटा तेलहन बालीको नाम लेख्नुहोस् ।

# पाठ १७ सिप कला र प्रविधि

चित्रहरु अवलोकन गरौं :



तानमा राडी बुन्दै



माटोका भाँडा बनाउदै



ढिकी



जाँतो

**गाऔं र बुझौं :**

खरायोको रौंबाट स्वीटर राम्रो बन्छ ।
जुसका लागि आँप, अनार, अति राम्रो हुन्छ ॥
खोसेलाको बन्छ राम्रो सुकुल र पिरा ।
गुन्द्रुक, सिन्की पकाउँ हाली, लसुन, प्याज जिरा ॥

करेलाको बियाँ पेल्दा आउँछ मिठो तेल ।
चाड पर्वमा खाइन्छ नि जिलेवी र सेल ॥
छालाबाट बन्छ हल्लुँड, मुढा, दमाहा, ढोल ।
चकटी र उनको राडी, धेरै अनमोल ॥

उखु पेली सख्खर बनाउँ, घोगेबाट डाली ।
अचार बनाउँ, टिम्मुरको, अकबरे हाली
दुधबाट बन्छ मिठो कुराउनी र घिउ ।
अतिथिलाई उपहार, छुर्पी माला दिऊँ ॥

## क्रियाकलाप :

### १. कोष्ठ भित्रवाट उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस ।

क) स्वीटर ........... बाट निर्मित वस्तु हो । (उन, चोया)

ख) जुस बनाउन हामीलाई ........... चाहिन्छ । (आँप, च्याउ)

ग) ............. को बियाँबाट तेल आउँछ । (खोर्सानी, फर्सी)

घ) उनबाट राडी बन्छ भने ......... बाट ढोल बन्छ । (छुर्पी, छाला)

ङ) दुधबाट.......... बन्छ । (कुराउनी, जिलेवी)

२. माथिको कविता पढी कृषि पैदावार र पशु पैदावारबाट बनेका २/२ वटा वस्तुको नाम लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

### कृषि तथा पशु पैदावार :

कृषि तथा पशु पैदावारबाट विभिन्न उपयोगी सामग्री निर्माण गर्न सकिन्छ । त्यसको लागि परम्परागत स्थानीय सिप, कला तथा प्रविधिमा दक्ष हुनुपर्दछ । कृषि तथा पशु पैदावारबाट निर्माण गरिने सामग्रीहरु निम्नानुसारका हुन्छन् ।

कृषि तथा पशु पैदावार

| **कच्चा पदार्थ** | **उत्पादन** | **कच्चा पदार्थ** | **उत्पादन** |
|---|---|---|---|
| धानको पराल | **सुकूल, गुन्द्री, विंडा** | दुध | **घिउ, कुराउनी, छुर्पी** |
| धानको पिठो | **पुवा, कसार, बावर, सेलरोटी,** | छाला | **हल्लुँड, मुद्रा, दमाहा ट्याम्को, ढोल, ढ्याङ्ग्रो, डम्फु, खैंजडी** |

| | | | |
|---|---|---|---|
| खोसेला | **पिरा, सुकुल** | उन | **चकटी, राडी, घुमराडी, लुकुनी** |
| भटमासः | **किनिमा, तेल** | रौं | **स्वीटर, टोपी, गलबन्दी** |
| मुला | **सिन्की, गुन्द्रुक** | भुत्ला | **सिरानि, स्लिपिङ ब्याग** |
| तोरीका साग | **गुन्द्रुक** | बियाँ | **अचार, तेल, छोप** |
| घोगे | **डाली** | खुर्सानी | **अचार, तरकारी** |
| फलफूल | **जुस** | टिमुर | **अचार, तेल** |
| तामा | **तरकारी अचार** | उखु | **सख्खर, चिनी, खुँदो, जुस, चाकुसाला** |

## क्रियाकलाप :

१. तपाईंको घरमा परालबाट बनेका कुन कुन सामग्री छन ? तिनीहरु के का लागि प्रयोग गरिन्छन् ? उत्तर लेख्नुहोस् ।

२. मुलाको सिन्की गुन्द्रुक कसरी बनाइन्छ ? कक्षामा छलफल गर्नुहोस् । शिक्षकको सहयोगमा त्यसको विधि अभ्यास पुस्तिकामा टिपोट लेख्नुहोस् ।

## पाठ १८

# हाम्रा पर्यटकीय स्थल



राम मन्दिर राम्बेनी



कृष्ण प्रणामी मन्दिर
ओभाङगाउँ



हाङ्थुम डाँडा



साङ्छयोलिङ वौद्ध गम्वा बाघा



साकेला थान

**क्रियाकलाप :**

१. माथिका चित्रहरु अवलोकन गरी नाम भन्नुहोस् ।

२. धार्मिक र प्राकृतिक पर्यटकीय स्थल छुट्याउनुहोस् ।

**पढौं र बुझौं :**

मादी नगरपालिकामा सुन्दर र धार्मिक महत्व भएका धेरै पर्यटकीय स्थलहरु छन् । पूर्वाधार विकास र प्रचार प्रसारका कमीले ती स्थानहरू ओझेलमा परेका छन् । तिनीहरुको विकास गर्न सके पर्यटन व्यवसाय फस्टाउन सक्छ । पर्यटन व्यवसायले हामीलाई रोजगार दिन्छ । आय आर्जनको गतिलो स्रोत पर्यटन व्यवसाय हुनसक्छ ।

मादी नगरपालिका वडा नम्बर ४ श्रीजुङ्गको सिरानमा मानेहाट डाँडो छ । यो भर्खरै विकास भएको एक पर्यटकीय स्थल हो । यहाँबाट मकालु हिमशृङ्खला ऐना झैं छर्लङ्ग देखिन्छ । सङ्खुवा-सभाका विभिन्न बजार र गाउँहरु देख्न सकिन्छ । बौद्ध धर्मसँग सम्बन्धित स्तूप र बौद्ध गुम्बा यहाँको मुख्य आकर्षण हो । राहुल लामिछाने गुरुङ समुदायले आफ्ना पूर्वजको दिवंगत आत्माको शान्तिको लागि एक सुन्दर र आकर्षक स्तूपको निर्माण गरिदिएका छन् । स्तुपको नजिकै बौद्ध गुम्बा छ । स्थानीय शेर्पा समुदायले यसको निर्माण गरेका हुन । हरेक वर्ष ग्याल्पो ल्होसार र बुद्ध जयन्तीमा पूजापाठ गरी शान्तिको कामना गरिन्छ । भर्खरै इसाई धर्मावलम्वीले मादी न्यु लाईफ एपोष्टलिक चर्चको निर्माण गरेका छन् । उनीहरु हरेक हप्ता प्रार्थनाको लागि चर्चमा भेला हुन्छन् । डाँडाका केही तल एक खेल मैदानको निर्माण भएको छ । मानेहाट डांडाको पूर्वपट्टि श्री गणेश आधारभूत विद्यालय रहेको छ ।

मानेहाटबाट करिब आधा घण्टाको हिँडाइमा वडा नम्बर ४ मुलाबारीमा रहेको नेपाल बौद्ध गुम्बा पुग्न सकिन्छ । संखुवासभा जिल्लामा सबैभन्दा पहिला निर्माण भएको गुम्वा हो । गुरुङ समुदायले निर्माण गरेको यो आवासीय गुम्बा हो । लामा गुरू यहीँ बस्ने र नियमित पूजापाठ गर्ने गर्दछन् । हरेक वर्ष पौष १५ गते तमु ल्होसारमा यहाँ पूजापाठ गरी ग्रहदशा पन्छाउने गरिन्छ । उक्त दिन भक्तजनको भिड लाग्नुका साथै गुरुङ समुदाय

बाहेक अन्य समुदायका मानिसहरु समेत आउँछन् । बुद्ध जयन्तीको दिन हरेक वर्ष यहाँ पूजापाठ गरी शान्तिको कामना गरिन्छ । गुम्बाको प्राङ्गणमा नेपाल बौद्ध गुम्बा आधारभूत विद्यालय पनि सञ्चालनमा रहेको छ ।

**अभ्यास :**

**१. जोडा मिलाउनुहोस् :**

| समूह क | समूह ख |
|---|---|
| तमु ल्होसार | काम |
| पूर्वाधार | मुहान |
| धार्मिक स्थल | शेर्पा समुदाय |
| रोजगार | सडक, विद्युत |
| स्रोत | पौष १५ |
| ग्याल्पो ल्होसार | मानेहाट |

**२. छोटो उत्तर दिनुहोस् ।**

क) मानेहाट डाँडा कहाँ छ ?

ख) मानेहाट डाँडा के को लागि प्रसिद्ध छ ?

ग) वौद्ध धर्मले कुन कुरालाई महत्व दिएको छ ?

**३. परियोजना कार्य :** आफ्नो गाउँ वा वडामा भएको कुनै एक पर्यटकीय स्थलको भ्रमण गर्नुहोस् । उक्त स्थान के का लागि प्रसिद्ध छ ? त्यहाँ के के देख्न सकिन्छ ? उल्लेख गरी उक्त स्थान बारे छोटो लेख लेख्नुहोस् ।

**४. आफ्नो घर नजिकै रहेको कुनै एक धार्मिक स्थलको बारेमा छोटो वर्णन गर्नुहोस् ।**

**शिक्षकलाई निर्देशन: आफ्नो वडाभित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलको भ्रमण गराई छलफल गराउनुहोस् ।**

# पाठ १९

# हाम्रा वडाध्यक्ष




नमस्ते साथी मेरो नाम मेनिसा दर्नाल हो । म मादी नगरपालिका वडा नम्बर ४ मा बस्छु । आज म यहाँहरुलाई मेरो वडाका छिमेकी वडाका वडाध्यक्षको नाम र वडा केन्द्रको बारेमा बताउने छु । मादी नगरपालिका वडा नम्बर ४ मा फरक फरक समु दायका मानिसहरु बसोबास गर्दछन् । यो वडाको भौगोलिक क्षेत्र फराकिला छ । ४ नम्बर वडा कार्यालयको केन्द्र ओखरबोटेमा छ । यस वडाको छिमेकी वडाहरु क्रमश: ३, ५ र ६ नम्बर वडाहरु हुन् । मेरो वडाका वडा अध्यक्षको नाम श्री गिरीराज भण्डारी हो । त्यस्तै गरी मेरो छिमेकी वडामा पनि वडा अध्यक्ष हुनुहुन्छ । वडा नम्बर ३ का वडाध्यक्षको नाम श्री राम बहादुर गुरुङ हो । ६ नम्बर वडाका वडाध्यक्ष भने श्री धननारायण तामाङ हुनुहुन्छ । त्यस्तै गरी मेरो छिमेकी वडा नम्बर ५ का वडा अध्यक्ष श्री तिर्थ कुमार दाहाल हुनुहुन्छ । वहाँहरुले वडाबाट दिइने सम्पूर्ण सेवाहरु जनतालाई प्रदान गर्नुहुन्छ । अब तपाईंहरुलाई मेरो छिमेकी वडा केन्द्रको बारेमा पनि जानकरी गराउन चाहान्छु । मेरो छिमेकी वडा नम्बर ३ को वडा कार्यालय मूलखर्क बजारमा छ । यो वडाको केन्द्र मेरो वडाबाट पूर्वमा पर्दछ । त्यसै गरी मेरो वडाको उत्तरपट्टि ५ नम्बर वडा छ । यसको वडा केन्द्र कोपिलेमा रहेको छ । पश्चिपट्टि वडा नम्बर ६ रहेको छ । यसको कार्यालय पुलुङमा छ । तपाईंहरु पनि आफ्नो छिमेकी वडाको बारेमा जानकारी लिन नभुल्नु होला । धन्यवाद !

**शिक्षण निर्देशन:** आफ्नो छिमेकी वडाका अध्यक्षहरुको नाम र केन्द्र जानकारी गराउनुहोस् ।

## क्रियाकलाप :

### १. तपाईं पनि अफ्नो छिमेकी वडाका केन्द्र र वडा अध्यक्षहरुको बारेमा साथीलाई समाचार सुनाउनुहोस् ।

### २. तलका प्रश्नको उत्तर दिनुहोस् ।

क. तपाईंको वडा अध्यक्षको नाम के हो ?

ख. तपाईंको छिमेकी वडाहरु कुन कुन हुन् ?

ग. तपाईंको छिमेकी वडाका वडा अध्यक्षको नाम के हो ?

घ. तपाईंको छिमेकी वडाका वडा केन्द्रहरुको नाम लेख्नुहोस् ।

### ३. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।

क. म ...................वडामा बस्छु ।

ख. मेरो वडाका वडा अध्यक्षको नाम........................हो ।

ग. मेरो छिमेकी वडा.....................नम्बर हो ।

घ. मेरो छिमेकी वडाका वडाध्यक्षको नाम .............हो ।

ङ. मेरो छिमेकी वडाको पूर्वमा वडा नम्बर ......... पर्छ ।

### ४. वडा केन्द्रको जोडा मिलाउनुहोस् :

| **समूह क** | **समूह ख** |
|---|---|
| वडा नम्बर १ | सत्तल, फाबिङ |
| वडा नम्बर २ | ओखरबोटे बजार |
| वडा नम्बर ३ | कोपिले |
| वडा नम्बर ४ | चिहानडाँडा, कानपुर |

| | |
|---|---|
| वडा नम्बर ५ | दाहालडाँडा, उम्लिङ |
| वडा नम्बर ६ | मूलखर्क बजार |
| वडा नम्बर ७ | पुलुङ |
| वडा नम्बर ८ | बाघा |
| वडा नम्बर ९ | सोमबारे डाँडा, मावादिन आहाले |

# पाठ १०

# स्थानीय तह




माथिको नक्सामा सङ्खुवासभा जिल्लाका १० वटा पालिकालाई देखाइएको छ । यसमा आफ्नो पालिका पहिचान गरी चिन्ह लगाउनुहोस् ।

**अध्ययन गरौं :**

सङ्खुवासभा जिल्ला सङ्खुवा र सभा दुईवटा खोलाको नामबाट नामकरण गरिएको हो । हिमाली जिल्लाको नामबाट परिचित यो जिल्लामा ठाउँ अनुसार फरक फरक हावापानी पाइन्छन । भौगोलिक हिसाबले कतै डाँडा, समथर भाग त कतै हिमाली क्षेत्र रहेका छन् । त्यसैले हाम्रो सङ्खुवासभा जिल्ला सुन्दर र रमणीय छ । नेपालको संविधान २०७२ अनुसार राज्य पुनः संरचना हुँदा संघ, प्रदेश र स्थानीय तह गरी ३ वटा तहमा विभाजन गरिएको छ । यसै क्रममा सङ्खुवासभा जिल्लालाई ५ वटा गाउँपालिका र ५ वटा नगरपालिकामा विभाजन गरिएको छ । सङ्खुवासभाका नगरपालिकाहरु मध्ये जनसंख्या र

भूगोलको आधारमा सबैभन्दा सानो नगरपालिका मादी नगरपालिका हो । सङ्खुवासभाका पालिकाहरु निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**सङ्खुवासभा जिल्लाका स्थानीय तह**

| क्र.स. | गाउँपालिका | नगरपालिका |
|---|---|---|
| १. | भोटखोला गाउँपालिका | मादी नगरपालिका |
| २. | मकालु गाँउपालिका | धर्मदेबी नगरपालिका |
| ३. | सिलिचोङ गाँउपालिका | चैनपुर नगरपालिका |
| ४. | चिचिला गाउँपालिका | पाँचखपन नगरपालिका |
| ५. | सभापोखरी गाउँपालिका | खाँदबारी नगरपालिका |

सङ्खुवासभा जिल्लाको सदरमुकाम खाँदबारी हो । यो जिल्ला प्राकृतिक रुपमा सुन्दर र रमणीय छ । यहाँ विश्वकै होचो अरुण उपत्यका, मकालु हिमाल, प्रसिद्ध अरुण नदी, २८ प्रजातिका गुराँस पाइने प्रसिद्ध तिनजुरे मिल्के र जलजले (TMJ) क्षेत्र, प्रसिद्ध सभापोखरी, मनकामना, धर्मदेवी, वालेश्वर गुफा, वरुणधाम, तातोपानी नुनढाकी, सिद्धकाली, शिवधारा, राम्बेनीको राम मन्दिर, देव ढुंगा जस्ता विभिन्न धार्मिक स्थलहरु पनि रहेका छन् ।

**क्रियाकलाप :**

**१.तलका प्रश्नको उतर दिनुहोस् ।**

क. सङ्खुवासभा जिल्लामा कतिवटा पालिकाहरु रहेका छन् ?

ख. तपाईं सङ्खुवासभाको कुन पालिकामा बस्नु हुन्छ ?

ग. सङ्खुवासभा जिल्लामा कतिवटा गाउँपालिका र नगरपालिका छन् ?

घ. सङ्खुवासभा जिल्लाको सदरमुकाम कहाँ हो ?

ङ.तपाईंको घर नजिकै रहेको प्रसिद्ध धार्मिक स्थल कुन हो ?

## २. ठिक बेठिक छुट्याउनुहोस् ।

क) सङ्खुवासभा जिल्लामा १० वटा पालिका रहेका छन् ।

ख) सङ्खुवासभा जिल्लामा ७ वटा नगरपालिका रहेका छन् ।

ग) म धर्मदेवी नगरपालिकामा बस्छु ।

घ) सङ्खुवासभा जिल्लामा ५ वटा गाउँपालिका रहेका छन् ?

ङ) सङ्खुवासभा जिल्लाको सदरमुकाम तुम्लिङटार हो ।

## ३. खाली ठाउँ भर्नुहोस् :

क) सङ्खुवासभा जिल्लाको सदरमुकाम .........................हो ।

ख) सङ्खुवासभाको सबैभन्दा सानो नगरपालिका ..................हो ।

ग) सङ्खुवासभा जिल्लामा ..................वटा गाउँपालिका रहेका छन् ।

घ) सङ्खुवासभा जिल्लामा ................. वटा नगरपालिका रहेका छन् ।

ङ) सङ्खुवासभा जिल्लामा ................प्रजातिका गुँरासहरु पाइन्छन् ।

## ४.परियोजना कार्य :

स्थानीय तह छुट्टिने गरी संखुवासभा जिल्लाको नक्सा बनाई गाउँपालिका र नगरपालिकालाई अलग अलग रङ भर्नुहोस् ।

**शिक्षकलाई निर्देशन : १० जना विद्यार्थीहरुलाई गोलो घेरामा खेल खेलाउँदै पालिकाको परिचय गराउनुहोस् ।**

# पाठ ३१ मादीमा शिक्षा

**तलको गीत गाऔं :**

सात सालमा राणा शासन अन्त्य भाको थियो
मादीमा नि लहर आयो बाल्न शिक्षाको दियो ।

मादीमा नि पहिलो स्कुल खुल्यो आठ सालमा
त्यो स्कुलको नाम चाहिँ मादी मावि हालमा ।

शिक्षा दिने शिक्षा लिने विद्यालय राम्रो
पढी गुनी ज्ञानी बन्नु कर्तव्य हो हाम्रो ।

३३ वटा सामुदायिक एउटा संस्थागत
एउटै मात्र धार्मिक स्कुल संख्या अवगत

आठ वटा मावि छन् त छब्बिस वटा आवि
नमुना चाहिँ रहेको छ एउटै मादी मावि ।

**तलको चित्र कुन विद्यालय हो ?**



# श्री मादी माध्यमिक विद्यालय, मादी

वि.सं. २००७ सालमा राणा शासनको अन्त्य भयो । राणा शासनको अन्त्यसँगै मादीमा पनि शैक्षिक जागरण सुरु भयो । वि.सं. २००८ साल भाद्र १२ गते मादी माध्यमिक विद्यालको स्थापना भयो । मादी माध्यमिक विद्यालयको स्थापना साविक मादी बिर्ताको रामालय शिवालय पाटीमा भएको थियो । मादीको दोस्रो विद्यालयको रुपमा वि.स. २००९ साल श्रावण २४ गते हालको जनता माध्यमिक विद्यालय बाघाको स्थापना भएको थियो ।

नगरपालिकामा सबैभन्दा पछि स्थापना भएको विद्यालय श्री लाम्बुराङ्मा आधारभूत विद्यालय हो । यो विद्यालय वि.सं.२०६६ सालमा हालको मादी नगरपालिका वडा नम्बर ३ को पुरानो गाउँमा स्थापना भएको थियो । हाल मादी नगरपालिकामा ३२ वटा सामुदायिक, एउटा संस्थागत र एउटा धार्मिक विद्यालयहरु रहेका छन् । उच्च शिक्षा प्रदायक संस्था एउटा मादी बहुमुखी क्याम्पस पनि रहेको छ ।

**क्रियाकलाप :**

क. ठिक बेठिक छुट्याउनुहोस् ।

१. राणा शासनको अन्त्यसगै मादीमा पनि शैक्षिक जागरण सुरु भएको थियो ।

२. मादीको पहिलो विद्यालय श्री मादी विद्यालयको स्थापना पाटीगाउँमा भएको हो ।

३. मादीमा हाल ३७ वटा विद्यालय रहेका छन् ।

४. लाम्वुराङ्मा आ.वि.को स्थापना वि.सं.२०६६ मा भएको हो ।

५. मादी नगरपालिकामा २ वटा क्याम्पसहरु रहेका छन् ।

ख. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

१. मादी माध्यमिक विद्यालयको स्थापना कहिले भएको हो ?

२. मादी नगरपालिकाको सबैभन्दा पछि स्थापना भएको विद्यालयको नाम के हो ?

३. हाल मादी नगरपालिकाभित्रको एक मात्र क्याम्पसको नाम के हो ?

४. हाल मादी नगरपालिका भित्र कतिवटा विद्यालयहरु रहेका छन् ?

५. मादी नगरपालिकाभित्रका विद्यालयहरुको विवरण उल्लेख गर्नुहोस् ।

## ग. परियोजना कार्य :

१. सोधखोज  गरी तलको तालिका भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| | मादी नगरपालिका भित्रका विद्यालयको किसिम | | | |
|---|---|---|---|---|
| | सामुदायिक | धार्मिक | संस्थागत | जम्मा |
| विद्यालय संख्या | | | | |

२. तपाईंको विद्यालय र छिमेकी विद्यालयको स्थापना कहिले भएको हो ? सोधखोज गरी तलको तालिका भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| सि.नम्बर | विद्यालयको नाम | ठेगाना | स्थापना मिति |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

# पाठ ११ मेरो विद्यालय

**हेर्नुहोस्, चिन्नुहोस् र छलफल गर्नुहोस् :**




मेरो नाम सुगम वर्देवा हो । म श्री नारायण माध्यमिक विद्यालय ओखरबोटेमा पढ्छु । मेरो विद्यालय सामुदायिक विद्यालय हो । मेरो विद्यालयको स्थापना वि.स. २०१५ साल फागुन १५ गते भएको हो । मेरो विद्यालय मादी नगरपालिका वडा नं ४, ओखरबोटेमा पर्छ । मेरो वडाभित्र रहेका विद्यालयहरु यस प्रकार रहेका छन् ।

तालिका नम्बर : .....वडा नम्बर ४, का विद्यालयहरुको विवरण

| सि.नम्बर | विद्यालयको नाम | ठेगाना | किसिम |
|---|---|---|---|
| १ | श्री नारायण माध्यमिक विद्यालय | ओखरबोटे | सामुदायिक |
| २ | श्री गणेश आधारभूत विद्यालय | डबले | सामुदायिक |

| | | | |
|---|---|---|---|
| ३ | श्री गंगालाल आधारभूत विद्यालय | हुलाकीगाउँ | सामुदायिक |
| ४ | श्री विनोद आधारभूत विद्यालय | घिमिरेगाउँ | सामुदायिक |
| ५ | श्री भृकुटी आधारभूत विद्यालय | डाँडागाउँ | सामुदायिक |
| ६ | श्री अन्नापूर्णा आधारभूत विद्यालय | उम्रिङ | सामुदायिक |
| ७ | श्री नेपाल बौद्ध गुम्बा आधारभूत विद्यालय | मुलाबारी | धार्मिक |
| ८. | श्री मादी नमुना अंग्रेजी बोर्डिङ स्कुल | ओखरबोटे | संस्थागत |

चालु शै.स.२०८२ मा मेरो विद्यालयमा जम्मा २९९ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् । २९९ जना विद्यार्थी मध्ये १६४ जना छात्रा र १३५जना छात्र रहेका छन् । मेरो विद्यालयमा ६ जना महिला शिक्षक सहित १६ जना शिक्षक रहेका छन् । मेरो विद्यलायमा १ जना विद्यालय सहयोगी र १ जना विद्यालय सहायक कर्मचारी पनि रहेका छन् । म मेरो विद्यालयका सबै सर मिसहरुको नाम बताउन सक्छु । मेरो विद्यालय संचालन, रेखदेख र व्यवस्थापन गर्नको लागि एउटा विद्यालय व्यवस्थापन समिति रहेको छ । विद्यालय व्यवस्थापन समितिको पदावधि ३ वर्षको हुन्छ । मेरो विद्यालयको विद्यालय व्यवस्थापन समितिको नामावली यस प्रकार रहेको छ ।

**विद्यालय व्यवस्थापन समितिको नामावली**

| सि.नं | नाम,थर | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री दावा क्षत्र शेर्पा | अध्यक्ष | अभिभावकबाट |
| २ | श्री कमला अधिकारी | सदस्य | अभिभावकबाट |
| ३ | श्री अम्बिका कार्की | सदस्य | अभिभावकबाट |
| ४ | श्री फुरछत्र शेर्पा | सदस्य | अभिभावकबाट |
| ५ | श्री भिम बहादुर कोइराला | सदस्य | संस्थापक परिवारबाट |
| ६ | श्री फुलमाया देवान | सदस्य | शिक्षापेमीबाट |
| ७ | श्री गिरीराज भण्डारी | सदस्य | वडाको प्रतिनिधि |

| | | | |
|---|---|---|---|
| ८ | श्री विनोदहरि निरौला | सदस्य | शिक्षक प्रतिनिधि |
| ९ | श्री दिपक कुमार दाहाल | सदस्य सचिव | प्र.अ. |

**विद्यालय व्यवस्थापन समितिको प्रमुख कामहरु निम्न अनुसार रहेका छन् :**

१) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

२) विद्यालयको चल, अचल सम्पतिको सुरक्षा गर्ने,

३) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने

४) विद्यालयमा स्वच्छ शैक्षिक वातावण कायम राख्ने,

५) शिक्षा शाखाबाट खटाइएका शिक्षकलाई हाजिर गराई काममा लगाउने

६) लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

७) अभिभावक भेला गराउने ।

८) शिक्षक अभिभावक संघ गठन गर्ने,

९) विद्यार्थीहरुले पालन गर्नुपर्ने आचारसंहिता बनाइ लागु गर्ने,

**क्रियाकलाप :**

**क. खाली ठाउँ भर्नुहोस् ।**

क) विद्यालय व्यवस्थापन समितिमा ...................जना हुन्छन् ।

ख) हाम्रो विद्यालय व्यवस्थापन समितिको अध्यक्षको नाम ........................हो ।

ग) विद्यालय व्यवस्थापन समितिको पदावधि ................... वर्षको हुन्छ ।

घ) विद्यालय व्यवस्थापन समितिमा कम्तिमा .............जना महिला हुनुपर्छ ।

ङ) विद्यालय व्यवस्थापन समितिमा सम्वन्धित वडाको वडा समितिबाट ........जना रहने व्यवस्था छ ।

**ख. ठिक बेठिक छुट्याउनुहोस् ।**

१. विव्यसको सदस्य सचिव विद्यालयको प्रधानाध्यापक रहने व्यवस्था छ ।

२. विद्यालयको  वार्षिक वजेट  शिक्षक स्टाफले स्वीकृत गर्दछ ।

३. शिक्षक अभिभावक संघ गठन गर्ने जिम्मेवारी विव्यसको हो ।

४. विव्यसले अभिभावक भेला मार्फत विद्यालयको गतिविधि सार्वजनिक गर्ने काम गर्दछ ।

**ग. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

१. तपाईंको विद्यालय कहिले स्थापना भएको हो ?

२. तपाईंको वडाभित्रको पुरानो विद्यालय कुन हो ?

३. तपाईंको वडाभित्रका धार्मिक विद्यालयको नाम के हो ?

४. तपाईंको विद्यालयमा छात्रा र छात्रको संख्या कति कति छ ?

५. तपाईंको विद्यालयमा पुरुष र महिला शिक्षकहरु कति कति जना हुनुहुन्छ ?

६. तपाईंको विद्यालयका शिक्षक स्टाफको नामावली तयार गर्नुहोस् ।

७. विद्यालय व्यवस्थापन समितिका कुनै ३ वटा कार्यहरु लेख्नुहोस् ।

**घ. परियोजना कार्य :** आफ्नो विद्यालयको शिक्षक/प्रधानाध्यापकसँग सोधीखोजी गरी तलका तालिकाहरु भर्नुहोस् ।

१. मेरो विद्यालयको विद्यालय व्यवस्थापन समितिको विवरण

| सि.नं | नाम, थर | पद |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |

| | | |
|---|---|---|
| ८ | | |
| ९ | | |
| १०. | विव्यस गठन मिति : | |

## २. मेरो विद्यालयको विद्यार्थी र शिक्षक कर्मचारी विवरण

| सि. नं | शिक्षक | | | कर्मचारी | | | कुल | जम्मा विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | | | | | | | | | | |

## ३. मेरो विद्यालयका छिमेकी विद्यालयको विवरण

| सि.नम्बर | विद्यालयको नाम | ठेगाना | किसिम |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

**४. सिसा कलमको प्रयोग गरी आफ्नो विद्यालय परिसरको सफा चित्र बनाई उपयुक्त रङ समेत भर्नुहोस् ।**

# पाठ १३ स्वास्थ्य र सरसफाइ










**हेरौं, चिनौं र भनौं :**

**क्रियाकलाप :**

**१. माथिको चित्र अध्ययन गरी सोधिएका प्रश्नहरुमा छलफल गर्नुहोस् ।**

क. चित्रमा के देख्नु भयो ?

ख. चित्रमा के भइरहेको छ ?

ग. दुर्घटनामा परेको मानिसलाई के गर्नु पर्दछ ?

घ. तपाईंको विद्यालयमा यस्तो अवस्था भएमा तपाईंहरु के गर्नुहुन्छ ?

**पढौं र बुझौं :**

मेरो नाम निश्चल कडुवाल हो । म कक्षा ४ मा पढ्छु । म मादी नगरपालिका वडा नम्बर ५ मा बस्छु । मेरो विद्यालयको नाम श्री चन्द्रज्योति आधारभूत विद्यालय हो । मेरो विद्यालय अत्यन्त शान्त र सुन्दर छ । मेरो विद्यालयमा हरेक शुक्रबारका दिन चौथो घण्टी पछाडि अतिरिक्त क्रियाकलाप अन्तर्गत खेलकुद हुने गर्दछ । खेलकुद भएको बेला कहिलेकाहीँ साथी घाइते हुने गर्दछन् । स्वास्थ्य शिक्षकले घाइते साथीलाई विद्यालयको फस्ट.एड.बक्स (प्राथमिक उपचार बाकस) मा भएको औषधीको प्रयोग गरिन्छ । निकै ठूलो चोटपटक लागेमा सामान्य रोकथामका लागि घाइतेको उपचार गरी आधारभूत स्वास्थ्य सेवा केन्द्र पिपलबोटेमा लैजान्छौं । मेरो विद्यालयबाट वडा स्वास्थ्य केन्द्र

पिपलबोटे नजिकै पर्दछ । त्यहाँ उपचार हुने साथीलाई त्यही उपचार गराई घर फर्काउँछौं भने त्यहाँ उपचार नहुने साथीलाई मादी नगर अस्पताल लैजान्छौं । नगर अस्पतालमा उपचार सम्भव नहुने साथीलाई मादी नगर अस्पतालले रिफर गरेर अन्यत्रकै अस्पतालमा पठाउँछ । अहिले मादी नगर अस्पतालमा एम्बुलेन्स सेवा समेत भएका कारण बिमारीलाई उपचार गर्न लैजान सजिलो भएको छ । बाटो नभएको ठाउँमा स्ट्रेचरमा घाइतेलाई राखी स्वास्थ्य संस्थामा लगिन्छ । हामीले घरमा, विद्यालयमा, सडकमा, खोलामा, जंगलमा वा कुनै ठाउँमा दुर्घटनामा परेका मानिसहरुलाई घाइतेको अवस्था हेरी विभिन्न खाले प्राथमिक उपचार गर्न सक्छौं । जसले गर्दा मानिसलाई अकालमा ज्यान जानबाट बचाउने गर्दछ ।

## २. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

क) तपाईंको वडाभित्र रहेका स्वास्थ्य संस्थाहरुको नाम उल्लेख गर्नुहोस् ।

ख) प्राथमिक उपचार भनेको के हो ?

ग) प्राथमिक उपचारका फाइदाहरु उल्लेख गर्नुहोस् ।

घ) तपाईंको विद्यालयमा प्राथमिक उपचारको अवस्था कस्तो छ ? उल्लेख गर्नुहोस् ।

## ३ : तलका खाली ठाउँमा मिल्ने शब्द राखी वाक्य पुरा गर्नुहोस् ।

क) दुर्घटनाबाट घाइते भएका मानिसलाई तत्काल स्वास्थ संस्था नपुगुन्जेलसम्म बचाउने उपचारलाई................भनिन्छ । (प्राथमिक उपचार, शल्यक्रिया, )

ख) मादी नगर अस्पताल ..................मा छ । (मंगलबारे, ओखरवोटे)

ग) प्रत्येक वडाहरुमा स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरुलाई ......भनिन्छ । (स्वास्थ्य, चौकी, आधारभूत स्वास्थ्य केन्द्र)

घ) मादी नगरपालिकामा......वटा आधारभुत स्वास्थ्य केन्द्रहरु छन् । (५ वटा, ६ वटा)

ङ) मानिस बिरामी हुँदा तत्काल.........मा लैजानुपर्दछ । (खोपकेन्द्र , स्वास्थ्य संस्था)

## ४. जोडा मिलाउनुहोस् :

| समूह (क) | समूह (ख) |
|---|---|
| फष्ट एड बक्स | जनस्वास्थ्य कार्यालय |
| दुर्घटना | रोक्ने काम |
| घाइते | किट बक्स |
| स्वास्थ्य संस्था | आकस्मिक घटना |
| रोकथाम | चोटपटक लागेको व्यक्ति |

## ५. प्राथमिक उपचार बक्समा कस्ता कस्ता उपचारका सामग्री हुन्छन् ?

**शिक्षक निर्देशन : शिक्षक साथी आफ्नो विद्यालय रहेको वडामा स्वास्थ्य संस्था र विद्यालयमा प्राथमिक उपचारको अवस्था कस्तो छ ? सो को आधारमा अध्यापन गर्नुहोस् ।**

# पाठ १४ पोषण



सफा खाना



फोहोरी खाना



अर्गानिक खाना



कचमच खाना (जङ्क फुड)

**क्रियाकलाप :**

**१. माथिको चित्र हेरी सोधिएका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क) कुन कुन खानेकुरा तपाईंको गाउँ वा घरमा प्राप्त हुन्छन् ?

ख) कुन कुन खानेकुरा बजारबाट किनेर ल्याइन्छ ?

ग) के सबै बजारबाट किनेर ल्याएका खानेकुरा कुपोसित हुन सक्छन् ?

घ) तपाईंलाई बजारबाट किनेर ल्याएका तयारी खाना मन पर्छ कि पर्दैन, किन ?

ङ) के पोषणयुक्त तर फोहर खानेकुरा खायौं भने त्यसले हामीलाई फाइदा गर्ला ?

## २. लय मिलाई गीत गाऔं :

खाना सफा आलु, मकै, दुध अनि फुल
मासु, दही घिउ मही पिडालुमा बल

कोही खाना शक्ति दिने, कोहि रक्षा गर्ने
खाना खान छाडेभने सजीवहरु मर्ने

खाना खादा मिलाएर खाने गर्नु पर्छ
जनावर र विरुवाले हाम्लाई खाना दिन्छ

सफा ताजा खाना खाए जिउ फुर्ती बन्ने
रोग अनि संक्रमण परैबाट भाग्ने

## पढौं र बुझौं :

नुमाफुङ लिंथेपका बाबु मेहनती किसान हुन् । उनी दिनभर काममा व्यस्त हुन्छन् । उनले गाइ, भैंसी, बाखा, कुखुरा आदि पालेका छन् । नुमाफुङ लिंथेपकी आमाले घरको कामका साथ बुबाका काममा सघाउने गर्नु हुन्छ । नुमाफुङ लिंथेप गाउँको विद्यालयमा पढ्छिन । उनी फुर्सदको समयमा बाबा आमालाई सघाउँछिन् । नुमाफुङ लिंथेपको बाबाको सानो एउटा बारी र खेत छ । बारी र खेतमा मौसम अनुसारको तरकारी, फलफूल र अन्न उत्पादन हुन्छ । आफ्नो उत्पादनले उनीहरुको परिवारलाई खान लाउन पुगेर केही बचत हुन्छ । नुमाफुङको परिवारमा पशुचौपायाबाट पनि राम्रै आम्दानी भएको छ । खसी, बाखा र कुखुराबाट उनीहरुको परिवारलाई माछामासु, अण्डा खाएर केही रकम समेत आम्दानी हुन्छ । गाई भैंसीको दुधबाट उनीहरु विभिन्न खाले परिकारहरु जस्तैः कुराउनी, घिउ, छुर्पी, पनिर, दही, बजार माग अनुसार निर्माण गरी बजारमा लगेर बिक्रि गर्ने गर्दछन् । नुमाफुङ लिंथेपको बाबा बिहानै उठेर गाई, भैंसीको गोठमा गएर गोबर सोर्ने, खोले पकाउने, झिका फाल्ने, गाई भैंसी दुहुने गर्नुहुन्छ । आमा

घरको सरसफाइ गर्ने, चिया पकाउने, दुध तताउने, खाना पकाउने गर्नुहुन्छ । आमा घर बढार्नु हुन्छ । घर बढार्दा मुलबाटोसम्म चिटिक्क पारेर बढार्नुहुन्छ । नुमाफुङ पनि चाडै उठेर गृहकार्य सकेर आमा, बाबाको काममा सघाउँछिन् । उनको घरमा एउटा खच्चड पनि पालेको छ । उनको बुबाले त्यही खच्चडलाई सामान बोकाएर बजारमा बिक्रि गरी आउनुहुन्छ । नुमाफुङ लिंथेपको सानो घर भएपनि आमाले सो घरलाई रातो माटो र गोबरले लिपेर सधैँ सफा राख्नुहुन्छ । घरबाट निस्किएको फोहरलाई वर्गीकरण गरी कुहिने वस्तुलाई खाल्डोमा राखी मल बनाउँने र नकुहिने बस्तुबाट घर सजाउने विभिन्न खाले सामानहरु बनाउने गर्नुहुन्छ । उनीहरु सधैँ आफैले उत्पादन गरेका सफा, ताजा र पोसिला खानेकुरा खान पाउँदा सन्तुष्ट छन् र निरोगी पनि छन् । बेलुका चाँडै सुत्ने र बिहान सबेरै उठ्ने उनीहरुको दैनिकी नै बनेको छ । गाउँले मानिसहरु जो कोही उनको परिवारको तारिफ गर्ने गर्दछन् ।

## ३. तलका क्रियाकलापहरु गर्नुहोस् :

१. जनावर र बिरुवाबाट प्राप्त खानेकुराको बारेमा कक्षामा छलफल गरी सूची निर्माण गर्नुहोस ।

२. घरमा निर्मित अर्गानिक खाना र बजारबाट किनेर ल्याइएका प्याकेटका जङ्कफुड खानाबिचको भिन्नता कक्षामा छलफल गरी प्रस्तुत गर्नुहोस् ।

३. घरमा पालिएका घरपालुवा जनावरहरुको बासस्थानको सरसफाइबाट हुने फाइदाहरु बारे कक्षामा छलफल गरी बुँदागत टिपोट गर्नुहोस् ।

## ४. तलका प्रश्नहरुको उत्तर दिनुहोस् :

१. नुमाफुङको परिवारमा जस्तै तपाईंको परिवारको आम्दानीको स्रोत के के हो ? उल्लेख गर्नुहोस ।

२. दुधबाट बन्ने परिकारहरु उल्लेख गर्नुहोस् ।

३. घर तथा विद्यालयको सरसफाइ गर्ने तरिका उल्लेख गर्नुहोस् ।

४. तपाईंको टोल तथा समुदायको स्वास्थ्य समस्याहरु के के होलान् ? उल्लेख गर्नुहोस् ।

५. कस्तो खानालाई पोसिलो खाना भनिन्छ ?

## ५. परियोजना कार्य :

क) आफ्नो घर, गोठ परिसरको सफा चित्र निर्माण गरी कक्षाकोठामा टाँस्नुहोस् ।

ख) तपाईंको विद्यालय फोहर भएमासरसफाइ कसरी गर्नु हुन्छ ?

ग) तपाईं पढ्ने कक्षाकोठाको सरसफाइ गर्न तालिका निर्माण गर्नुहोस् ।

**शिक्षकलाई निर्देशन : शिक्षक साथी तपाईंले शिक्षण गर्दा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको स्वास्थ्य, सरसफाइ र पोषणको अवस्थाबारे जानकारी लिएर मात्र शिक्षण गर्नु होला ।**

# पाठ ३५

# शैक्षिक समस्या

**तलको कविता पढौं ।**

विद्यालय समाजको पवित्र धरोहर
शिक्षा पाउने हाम्रो नैसर्गिक अधिकार ।

मादीमा छन् विद्यालय सामुदायिक, संस्थागत
त्यहाँ जति समस्या छन् गरौं है अवगत ॥

काही छैनन् खेल मैदान काही साँघुरा छन्
अपर्याप्त पुराना छन् खेल सामग्री झन् ॥

काही छन् त भवन अभाव काही फर्निचर
पुरानै छन् शौचालय खानेपानी धारा ॥

समस्या छन् धेरै यहाँ आर्थिक कमजोरीमा पर्दा
विद्यार्थीले कक्षा छाड्छन् यही गरिबीले गर्दा ॥

अभावमा छन् पुस्तकालय, विज्ञान प्रयोगशाला
प्रविधिमैत्री सिकाइमा पछि परे पाठशाला ॥

तहगत र विषयगत शिक्षकको अभाव
त्यही अभावले पारेको छ सिकाइमा प्रभाव ॥

बालमैत्री फर्निचर, शौचालय, पानी
व्यवस्थित गर्नु पर्छ खेलमैदान पनि ॥

शिक्षक तालिम, शिक्षण साधन, बालमैत्री लक्षण
शिक्षक कोटा पुरा भए राम्रो हुन्छ शिक्षण ॥

उपायको खोजी गरौं समस्यालाई छानी
सहकार्य एकताले हल गर्ने बानी ॥

## क्रियाकलाप

१. खाली ठाउँ भर्नुहोस् ।

क. मेरो विद्यालयको खेल मैदान .................... छ । (राम्रो,नराम्रो)

ख. मेरो विद्यालयमा खानेपानीको व्यवस्था ................छ । (राम्रो,नराम्रो)

ग. मेरो विद्यालयको शौचालय .................... छ । (राम्रो,नराम्रो)

घ. मेरो विद्यालयमा कक्षाकोठा .................. छ । (राम्रो,नराम्रो)

२. तलका प्रश्नको उत्तर दिनुहोस् :

क. तपाईंको कक्षामा फर्निचरको अवस्था कस्तो छ ?

ख. तपाईंको विद्यालयमा इन्टरनेट जडान गरिएको छ ?

ग. तपाईंको विद्यालयमा के के शैक्षिक समस्या छन् ? लेख्नुहोस् ।

घ. तपाईंको विद्यालयमा बिचैमा विद्यार्थीले कक्षा छाड्ने समस्या छ ?

ङ. विद्यालयमा भएका शैक्षिक समस्या समाधान गर्ने उपायहरु के के छन् ?

## ३. परियोजना कार्य :

तपाईंको विद्यालयमा भएका समस्याहरुको बारेमा शिक्षकसँग सोधखोज गरी उक्त समस्याहरु र उक्त समस्याहरु समाधान गर्न के कस्ता उपायहरु अपनाउनु पर्ला ? आफ्नो सुझावहरु राखी तलको तालिका भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

१.विद्यालयको नाम:                                        २. ठेगाना :

| सि.नं. | समस्याहरु | समाधानका उपायहरु |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

# पाठ १६ स्वास्थ्यका समस्या

मेरो नाम दिक्षा देवान हो । मादी नगरपालिका वडा नम्बर ६ मा रहेको श्री सिंहदेवी आधारभूत विद्यालय देवानगाउँमा पढ्छु । मेरो वडामा एउटा आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेको छ । मेरो वडामा विभिन्न स्वास्थ्य समस्याहरु रहेका छन् । ती स्वास्थ्य समस्याहरु निम्नअनुसार रहेका छन् :

१) समयमा उपचारका लागि स्वास्थ्य संस्थामा नजाने,

२) स्वास्थ्य कर्मीको सल्लाह अनुसार उपचार नगराउने,

३) स्थानीय स्वास्थ्य संस्थामा औषधीको अभाव भइरहनु,

४) विद्यालयमा प्राथमिक उपचार सामग्रीको अभााव,

५) विद्यालयमा आवधिक रुपमा स्वास्थ्य परीक्षण नहुनु,

६) सबै जना स्वास्थ्य बिमा कार्यक्रममा सहभागी नहुनु,

७) स्वास्थ्य कर्मीको सल्लाह अनुसार औषधीको सेवन नगर्नु,

८) अन्धविश्वासको कारणले अस्पतालमा उपचार गर्न नजानु ।

## समस्याहरु समाधान गर्ने उपायहरु :

**स्वस्थ्यका समस्याहरु समाधान गर्न निम्न उपायहरु अपनाउन सकिन्छ :**

१) स्वास्थ्य सम्बन्धी जनचेतनाको अभिवृद्धि गर्ने,

२) सबैलाई स्वास्थ्य बिमामा आवद्ध हुन अनुरोध गर्ने,

३) विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था गर्ने,

४) स्थानीय स्वास्थ्य संस्थामा औषधीको अभाव हुन नदिने,

५) समय समयमा समुदायमा स्वास्थ्य शिविर संचालन गर्ने,

६) स्वास्थ्य कर्मीको सल्लाह बिना औषधी सेवन नगर्ने ।

७) रुढीवादी अन्धविश्वासको भर नपरी अस्पतालमा उपचार गर्ने ।

## क्रियाकलापः

### १. तलका प्रश्नहरुको उत्तर दिनुहोस् :

क) तपाईंको वडामा भएका स्वास्थ्य समस्याहरु लेख्नुहोस् ?

ख) हामी बिरामी हुँदा के के कुराको विश्वास गर्नुहुँदैन ?

ग) तपाईंको विद्यालयमा साधारण बिरामी पर्दा के गर्नुहुन्छ ?

घ) हामी औषधी सेवन गर्दा कस्को सल्लाह लिनुपर्छ ?

### २. ठिक बेठिक छुट्यानुहोस् :

क) हामीले नियमित स्वस्थ जाँच गर्नु पर्छ ।

ख) हामीले बिरामी हुने बित्तिकै आफैँ औषधीको सेवन गर्नुपर्छ ।

ग) तपाईं  बिरामी हुँदा विद्यालय जानु हुन्छ ।

घ) हामीले समय समयमा स्वस्थ जाँच गर्नु पर्छ ।

### ३. खाली ठाउँ भर्नुहोस् :

क) हामी बिरामी हुँदा ..................मा जानुपर्छ ।

ख) स्वास्थ्यकर्मीको ..................वमोजिम औषधी सेवन गर्नुपर्छ ।

ग) विद्यालयमा प्राथमिक उपचारको ...................गर्नुपर्दछ ।

घ) हामीले समय समयमा .................... गरिरहनु पर्छ ।

ङ) स्वस्थ रहनका लागि हामीले ............खानेकुरा खानुपर्दछ ।

४. शिक्षकको सहायतामा तपाईंको  वडामा रहेको स्वास्थ केन्द्रमा रहेका स्वास्थ्य समस्याहरूको बारेमा सोध खोजी  गरी लेख्नुहा

# पाठ १७ कृषिका समस्या

**चिठी पढौं :**

मादी नगरपालिका ४, ओखरबोटे

मिति २०८२।०२।१०

प्रिय साथी वर्षा,

धेरै धेरै सम्झना !

म यहाँ आराम छु, त्यहाँ तिमी पनि सन्चै छौ होला, भन्ने आशा छ । आज म मेरो टोलको कृषि समस्या र समाधानका सम्बन्धमा जानकरी गराउँदै छु । मानिसको जीविकोपार्जनको मुख्य आधार कृषि हो । यस अन्तर्गत अन्न उत्पादन, फलफूल खेती, तरकारी खेती, पशुपालन, नगदेबाली, अलैंची, अम्रिसो जस्ता उत्पादनहरु पर्दछन् । कृषि पेसाबाट आफूलाई आवश्यक खाद्यन्न उत्पादनका साथै बिक्री गरेर आम्दानीको स्रोत बनाउन सकिन्छ । तर साथी मेरो टोलमा कतिपय मानिसलाई आफ्नो उत्पादनले खान नपुग्ने, धेरै उत्पादन गर्ने किसानले उचित मुल्य र बजार नपाउने समस्या एकातिर खड्किएको छ । जंगली जनावरले दुःख दिने गरेकाले कतिपय जमिन बाँझै छन् । कृषकहरुको कृषिका आधुनिक सामग्रीका बारेमा ज्ञान नहुनु, उन्नत जातको बिउ र समयमा मल नपाउनु, सिँचाइको अभाव, परम्परागत खेती प्रणाली जस्ता समस्याले कृषि क्षेत्रमा समस्या आएको छ । त्यसैले मेरो टोलमा आएका यी समस्यालाई समाधान गर्ने उपाय पनि तिमीलाई बताउने छु। जुन निम्नानुसार रहेको छन् :

१. कृषिसँग सम्बन्धित आधुनिक औजार सहज तरिकाले सम्बन्धित उपलब्ध गराउने,

२. खेती प्रणालीसँगै आधुनिक प्रणालीको तालिम दिने,

३. उन्नत जातको बिउ बिरुवा र मल समयमा उपलब्ध गराउने,

४. सिँचाइको राम्रो प्रबन्ध मिलाउने,

५. जंगली जनावर नियन्त्रणका उपाय अपनाउने ।

माथिका उपायकासाथ कृषिका समस्यालाई समाधान गर्न सकिन्छ । तिम्रो टोलको कृषिका कुराहरु के के छन् । पत्रमा लेखेर पठाउ ल आजलाई यति नै अर्को पत्रमा भेटौंला है त ।

उही तिम्रो साथी

प्रितीजा

**क्रियाकलाप :**

१. तपाईंको आफ्नो साथीलाई वडाको कृषिका कुरा समेटेर चिठी लेख्नुहोस् ।

**२. तलका प्रश्नको उतर लेख्नुहोस्:**

क) तपाईंको टोलमा कृषिका कुन कुन समस्या छन् ?

ख) तपाईंको टोलमा कृषिका समस्याहरुमा नगरपालिकाले के के सहयोग गरेको छ ?

ग) कृषिसँग सम्बन्धित समस्यालाई समाधान गर्न कसले के के गर्नुपर्छ ? आफ्नो भनाइ लेख्नुहोस् ।

**३. शिक्षकको सहायतामा कृषिसँग सम्बन्धित समस्याहरुलाई टिपोट गरी छलफल गर्नुहोस् ।**

पाठ १८

# भौतिक पुर्वाधारका समस्या

मेरो नाम सुमन गुरुङ हो । म मादी नगरपालिकाको वडा नम्बर २ सानो ओइराङमा बस्छु । म श्री ओइराङ आधारभूत विद्यालयको कक्षा ४ मा पढ्छु । मेरो गाउँलाई मंगलबारे-ओखरबोटे सडकले छोएको छ। सानो ओइराङ र ठुलो ओइराङ जोड्ने झोलुङे पुल पनि रहेको छ। यातायातको लागि सडक भएता पनि कच्ची भएका कारणले आवात जावतमा कठिनाई छ। गाउँमा उत्पादन हुने वस्तुहरु कच्ची सडकका कारणले समयमा बेच्न नपाएर बारीमै कुहिने समस्या रहेको छ। मेरो गाउँमा कक्षा ३ सम्म पढाइ हुने श्री धनपोखरी आधारभूत विद्यालय छ । विद्यालयमा बालमैत्री फर्निचर, भूकम्प प्रतिरोधी भवनको अभाव रहेको छ । सबैको घरमा विद्युत जडान छ तर खानेपानी शुद्ध छैन । ढल निकासको व्यवस्था पनि छैन । सूचना र प्रविधिको विकास राम्रो छैन । त्यसैले सूचना प्रविधिको पहुँच सबैमा पुगेको छैन । माथि उल्लेखित समस्याहरु मेरो टोलमा रहेका छन्। यसले गर्दा यहाँका मानिसको जनजीवन कष्टकर छ। यस्ता समस्याहरुलाई सम्बन्धित सरोकारवालाले समाधान गर्न जरुरी छ।

**क्रियाकलाप :**

**१. तलका प्रश्नहरुको उत्तर दिनुहोस्:**

क) तपाईंको टोलमा भएका भौतिक पूर्वाधारहरुको नाम लेख्नुहोस्।

ख) आफ्नो टोलमा सडक व्यवस्थित गर्न के गर्नुपर्छ ? लेख्नुहोस्।

ग) तपाईंको विद्यालय भवनमा के के समस्या छन् ? लेख्नुहोस्।

घ) तपाईंको टोलमा ईन्टरनेट सम्बन्धी कस्ता समस्याहरु छन् ?

ङ) तपाईंको टोलमा खानेपानीको अबस्था कस्तो छ ?

**२. शिक्षकको सहायतामा तपाईंको टोलमा रहेका भौतिक पूर्वाधारका समस्याहरू पत्ता लगाई कक्षामा छलफल गर्नुहोस्।**

# अनुसूची १

## मादी नगरपालिकाको भूगोल सम्बन्धी

### १.मादी नगरपालिकाका बेंसीहरु

यस नगरपालिकामा मादी बेंसी, इम्लुङ बेंसी, उम्रिङ बेंसी, खमारे बेंसी, बडहरे बेंसी, विरौटा बेंसी, टाहारी बेंसी, भालुरुम्टो, पोखरे बेंसी, पुलुङ बेंसी, सिम्ले बेंसी, कात्तिके बेंसी, भार्लेनी बेंसी, ठाडे बेंसी, गुडुरे बेंसी, व्याङ्गुर बेंसी, फलेदे बेंसी, गढी बेंसी, ढुङ्गेनी चिलिबुङ बेंसी जस्ता प्रसिद्ध बेंसीहरु रहेका छन् ।

यस नगरपालिकामा सबभन्दा होचो भूभाग राम्वेनी दोभान रहेको छ भने सिरमाने धजे जस्तो अग्लो भूभाग पनि रहेकोछ । यहाँ विभिन्न भिर, पहरा, खोला, झरना, पोखरी, पानीका मुहानहरु रहेका छन् ।

### २.मादी नगरपालिकाका पानीका मुहानहरु

यस नगरपालिकामा पानीका मुख्य मुहानहरु मुलपानी वडा नम्बर ५, बोझे वडा नम्बर ५, गोपिनी वडा न.. ५, फिस्ट वडा नम्बर ५, जुकेपानी वडा नम्बर५, ठोट्ने पानी वडा नम्बर ६, उम्रिङ वडा नम्बर ४, छत्रेनागी वडा नम्बर३, सोभिते वडा नम्बर ७, उद्याउने कुहिरी वडा नं. ३, हात्तिढुंगा, भालु पोखरी वडा नम्बर ९, आकासे वडा नम्बर ९, जोर पोखरी वडा नं २ र ९ आदि रहेका छन् ।

### ३.मादी नगरपालिकाका भीरहरु

मादी नगरपालिकामा मुख्य भिरहरुमा भतेरे भिर वडा नम्बर ५, बेतिनी भिर वडा नम्बर ५, देवीथान भिर वडा नम्बर ५, रमिते भिर वडा नम्बर ४, काउसे भिर वडा नं ४, महभिर, दामे गैरी भिर वडा नम्बर ४, खुन्द्रुके भिर वडा नम्बर ९, मान्द्रे भिर वडा नम्बर ९, ठूलो भिर वडा न.. ४, बाखे भिर वडा नम्बर ४ र आकासे भिर वडा नम्बर ४, सेती भिर वडा नम्बर ७, जरायोटार भिर वडा नम्बर १, वरडाँड भिर वडा नम्बर १, ,सल्लेरी भिर वडा नम्बर १ सिरडाँडा भिर वडा नम्बर १, कात्तिके भिर वडा नम्बर ३ आदि रहेका छन् ।

### ४.मादी नगरपालिकाका खोलाहरु

मादी नगरपालिकामा मुख्य खोलाहरुमा पिलुवा खोला, माया खोला, ओइराङ खोला, घुन्सा खोला ।वालिङ खोला, काभ्रे खोला, जामुने खोला, मगर खोला, बाघा खोला लखुवा खोला, सिकुवा खोला, यावरा खोला आदि रहेका छन् । यी खोलाहरुमा लखुवा झरना वडा नम्बर ८, वालिङ झरना वडा नम्बर ३, देवी खोला झरना वडा नम्बर ३ तल्लो छाँगे झरना वडा नम्बर ४, भतेरे झरना वडा नम्बर५, छाँगे खोला झरना वडा नम्बर ४ जस्ता झरनाहरुका अतिरिक्त वडा नम्बर २ र ९ मा प्रसिद्ध धनपोखरी, लामपोखरी वडा नम्बर ९, सानीधाप पोखरी वडा नम्बर १ र सिद्धपोखरी वडा नम्बर ३ मा रहेका छन् ।

### ५.मादी नगरपालिकाका डाँडा तथा थुम्कीहरु

मादी नगरपालिकामा प्रसिद्ध हाङ्थुम डाँडा वडा नम्बर ३, ४ र ५, भ्वान डाँडा वडा नम्बर ३ देवी थुम्की वडा नम्बर ३, बुलु थुम्की वडा नम्बर८, हाटे डाँडा वडा नम्बर ४, सिकारी डाँडा वडा नम्बर ४, कुरुले डाँडा वडा न.. ४, माई थुम्की, बाघा डाँडा वडा नम्बर ७, सोमबारे डाँडा वडा नम्बर ८, च्यान डाँडा वडा नम्बर २, नाके डाँडा वडा नम्बर ४ जस्ता रमणीय डाँडा र थुम्कीहरु रहेका छन । त्यसैगरी रनगढी वडा नम्बर १, रनगढी वडा नम्बर४, फुदुङ गढी वडा नम्बर ३ जस्ता गढीहरुका साथै रक्ते भञ्ज्याङ् वडा नम्बर ९ आदि पनि रहेका छन् ।

## मादी नगरपालिका भित्रका धार्मिक स्थलहरु

| सि.नं. | धार्मिक स्थलको नाम | ठेगाना |
|---|---|---|
| १ | राधाकृष्ण मन्दिर | मादी नगरपालिका १, पुछारटोल |
| २ | साकेलाथान | मादी नगरपालिका १, इच्छाराम |
| ३ | पाथीभरा मन्दिर | मादी नगरपालिका १, चौकीडाडा |
| ४ | शिव मन्दिर | मादी नगरपालिका १, आहालडाडा |
| ५ | राम मन्दिर | मादी नगरपालिका १, रमितेटोल |
| ६ | धनपोखरी | मादी नगरपालिका २ र ९ |
| ७ | शिव मन्दिर | मादी नगरपालिका २ ऐंसेलु |
| ८ | सिद्धेश्वर पाथीभरा मन्दिर | मादी नगरपालिका ३ थामखर्क |
| ९ | छत्रेनागी देवीथान | मादी नगरपालिका ३, छत्रेनागी |
| १० | कृष्ण मन्दिर | मादी नगरपालिका ३ कामीचौर |
| ११ | हाङ्थुम देवीथान | मादी नगरपालिका ३ , हाङ्थुम |
| १२ | उर्गेनछ्योलिङ् गुम्बा | मादी नगरपालिका ४, ओखरबोटे |
| १३ | देवी पाञ्चायान मन्दिर | मादी नगरपालिका ४, ओखरबोटे |
| १४ | हंस आत्माबोध मन्दिर | मादी नगरपालिका ४, उम्रिङ |
| १५ | देवढुंगा | मादी नगरपालिका ४ डाँडाँगाउँ |
| १६ | पाथीभरा मन्दिर | मादी नगरपालिका ४, डाँडाँगाउँ |
| १७ | शिव मन्दिर | मादी नगरपालिका ४, कार्कीगाउँ |
| १८ | छत्रेश्वर शिव मन्दिर | मादी नगरपालिका ४ हुलाकीगाउँ |
| १९ | राम जानकी मन्दिर | मादी नगरपालिका ४, घिमिरेगाउँ |
| २० | रनगढी देवीथान | मादी नगरपालिका ४, धुसेनी |
| २१ | ओखरबोटे चर्च | मादी नगरपालिका ४ , ओखरबोटे |
| २२ | हाङ्थुम सम्त्यान छ्योलिङ् गुम्बा | मादी नगरपालिका ४, पैनागी |
| २३ | कृष्ण प्रणमी मन्दिर | मादी नगरपालिका ५, |
| २४ | सिद्धस्थान | मादी नगरपालिका ५, |
| २५ | टासी छोलिङ बौद्ध गुम्बा | मादी नगरपालिका ५, |
| २६ | रामालय शिवालय | मादी नगरपालिका ६, |
| २७ | साङ्छ्योलिङ गुम्बा | मादी नगरपालिका ७, बाघाडाडा |

| | | |
|---|---|---|
| २८ | साकेलाथान | मादी नगरपालिका ७ , बाघा |
| २९ | ज्याछ्योन छ्योलिङ गुम्बा | मादी नगरपालिका ८, |
| ३० | विजय चर्च | मादी नगरपालिका ८, |
| ३१ | शिवालय मन्दिर | मादी नगरपालिका ९, |
| ३२ | माङहिम, | मादी नगरपालिका ९, |
| ३३ | पेमा साङ छ्योलिङ गुम्बा | मादी नगरपालिका ९, |
| ३४ | जलपा देवीथान | मादी नगरपालिका ९, |
| ३५ | सियोन चर्च | मादी नगरपालिका ९, |